# आर्थिक वर्ष २०८०/०८१ को
# वार्षिक नीति, कार्यक्रम तथा बजेट
## २०८० असार १० गते

# मकवानपुरगढी गाउँपालिका
## मकान्चुली, मकवानपुर
### बागमती प्रदेश, नेपाल

# मकवानपुरगढी गाउँपालिका, नवौं गाउँ सभाको, प्रथम बैठकमा प्रस्तुत
# स्थानीय सरकारको नीति, कार्यक्रम तथा बजेट

**२०८०/०३/१०**

आदरणीय सभाका अध्यक्ष ज्यू,
कार्यपालिका सदस्यज्यूहरु, सम्पूर्ण सभाका सदस्य ज्यूहरु, कर्मचारी एवम् उपस्थित महानुभावहरु,

सर्वप्रथम मकवानपुरगढी गाउँपालिका, नवौं गाउँ सभाको प्रथम बैठकमा यहाँहरुलाई हार्दिक स्वागत एवम् अभिवादन व्यक्त गर्दछु ।

२०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको ऐतिहासिक निर्वाचानबाट मकवानपुरगढी निवासी सचेत जनसमुदायहरुको अमुल्य मत प्राप्त गरी मकवानपुरगढीबासीहरुको सेवाका लागि हामी हाजिर भएको एक वर्ष पुरा भएको छ । सुखद् आशा अपेक्षा र समृद्ध मकवानपुरगढी गाउँपालिका निर्माणको सपना बुनेर आफ्नो अमूल्य मत प्रदानगरी हामी जनप्रतिनिधिहरुलाई जनताहरुको सेवामा लागीपर्ने जिम्मेवारी प्रदान गर्नुभएका आम जनताहरुसँगको पहिलो अविष्मरणीय वर्ष हामीले व्यतित गरेका छौं । उत्साह र सिकाईको मिश्रित अनुभव र अपेक्षाका साथ यो अवधीमा रचनात्मक सुझावहरु सहित पालिकाको समग्र विकासका पक्षमा हातेमालो गर्नुहुने सम्पूर्ण गाउँपालिकाबासी जनसमुदायहरुमा धेरै धेरै धन्यवाद व्यक्त गर्दछौं ।

मुलुकमा विगतका विभिन्न कालखण्डहरुमा भएका राजनैतिक आन्दोलनहरुको उपलब्धी स्वरुप हामीलाई सामाजिक न्याय, सुशासन, आर्थिक, सामाजिक रुपान्तरण र सम्वृद्धि प्राप्तिको दिशा तर्फ अगाडि बढ्ने आधारशिला तयार भएको छ । आजको यस उपलब्धी प्राप्तिका लागि मुलुकको विभिन्न कालखण्डमा भएका प्रजातान्त्रिक तथा लोकतान्त्रिक आन्दोलन, ऐतिहासिक जनक्रान्ति र जनआन्दोलनमा थुप्रै नेपालीहरुले त्याग र बलिदान गर्नु भएको छ । यसै क्रममा मुलुक परिवर्तनका लागि बलिदानी दिनुहुने मकवानपुरगढी गाउँपालिकाका सहिद रुद्र बहादुर पाखिन, बासुदेव घिमिरे, कुवेर ढुंगाना लगायत सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली सहित उच्च सम्मान प्रकट गर्दछौं । साथै बेपत्ता पारिएका सन्त ब. वाईवा र दोशिक भुलुन प्रति सम्मान व्यक्त गर्दछु ।

मकवानपुरगढी गाउँपालिका, भौगोलिक, सामाजिक एवम् सांस्कृतिक विविधताले भरिपूर्ण स्थानीय तह हो । वीर योद्धाहरुको अमिट इतिहासको साक्षी रहेको ऐतिहासिक मकवानपुरगढी दरवार सिङ्गो मकवानपुर जिल्लाको समेत पहिचानसँग जोडिएको छ । कृषि र पशुपालनको ठुलो सम्भावना बोकेको यो क्षेत्रले ऐतिहासिक, धार्मिक, पर्यटन तथा एग्रो टुरिजमको समेत प्रचुर सम्भावना बोकेको छ। विभिन्न सम्भावनाहरु रहँदा रहँदै पनि गाउँपालिकाबासीहरुको प्रधान सत्रुको रुपमा गरिवी विद्यमान छ । विभिन्न असहजताका वावजुद गाउँपालिकाभित्रका विविध सम्भावनाहरुलाई केलाउदै यहाँको सांस्कृतिक, भौगोलिक, प्राकृतिक एवम् बौद्धिक सम्पत्तीको भरपुर उपयोग मार्फत गरिबी निवारण र पालिकालाई समृद्धिको बाटोतर्फ अघि बढाउन अपरिहार्य छ । यसका लागि सवै प्रकारका भौतिक पूर्वाधार विकास, सामाजिक विकास र आर्थिक विकासलाई समान विधिबाट अगाडि बढाउँदै गाउँपालिकाको मूल नारा **"मकवानपुरगढी गाउँपालिकाको**

**समृद्धिको आधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार"** लाई व्यवहारतः आत्मसाथ गर्ने कार्यमा हाम्रो विशेष प्राथमिकता रहनेछ ।

हामी मकवानपुरगढी गाउँपालिकाको नवौं गाउँ सभाको प्रथम बैठक सम्पन्न गर्न गइरहेकाछौं । अघिल्लो स्थानीय सरकारले अनुभव गरेको एवम् निर्दिष्ट गरेको समृद्धिको खाकालाई अनुसरण गर्दै साथै हामीले नेतृत्व गरेको यो एकवर्षे कार्य अनुभवको मिश्रणबाट नै समग्र मकवानपुरगढी गाउँपालिका सुखद् भविष्यको बाटो तय हुने विश्वास हामीले गरेका छौं । स्थानीय सरकारको दोस्रो कार्यकालको महत्वपूर्ण जिम्मेवारी प्राप्त गरेसँगै हामीले भौतिक संरचनाहरुको निर्माण, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, उद्यमशीलता, रोजगरी, मानवीय विकास लगायतका क्षेत्रमा काम गर्‍यौं । हामीले विगतका समयदेखि भौतिक संरचनाहरुको निर्माणमा जुन हिसावले बजेट र प्राथमिकता दिईरहेका छौं, त्यो भन्दा अझै धेरै प्राथमिकता सामाजिक, सांस्कृतिक, बौद्धिक एवम् चेतनाको विकासमा दिनुपर्छ भन्ने मान्यतामा विश्वस्त छौं । यस अर्थमा हाम्रो आगामी आर्थिक वर्षको बजेट बालबालिका, महिला, दलित एवम् लक्षित बर्ग र क्षेत्रको हितका पक्षमा केन्द्रित रहेको व्यहोरा जानकारी गराउँदछु । शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, पर्यटन तथा पूर्वाधारलाई हाम्रो नीति कार्यक्रम तथा बजेटले प्राथमिकतामा राख्ने जमर्को गरेको व्यहोरा समेत यहाँहरु समक्ष विश्वास दिलाउँदछु ।

यीनै तथ्य र अनुभवहरुलाई आत्मसाथ गर्दै यस गरिमामय गाउँ व्यवस्थापिकाको नवौं गाउँसभाको प्रथम बैठकमा आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम र त्यसलाई लक्षित गरी प्रक्षेपण गरिएको आय र व्ययलाई अनुमोदन गर्दै सम्पन्न हुनेछ भन्ने अपेक्षा सहित मकवानपुरगढी गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट पेश गर्ने अनुमती माग्दछु ।

**श्रद्धय सभाध्यक्षज्यू,**

अब यहाँहरु समक्ष आ.व. २०८०/०८१ का लागि विषयगत क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## बार्षिक नीति, कार्यक्रम र बजेट

## १.आर्थिक विकास

### क) कृषि तथा पशुपालन :

१. पशुपालक किसानहरुको पशुधन संरक्षणमा सघाउ पुर्‍याउर्ने उद्देश्यका साथ पशुपालक किसानहरुले पालन गरेका पशुहरुको बिमा निशुल्क गरिनेछ ।
२. **"किसान सूचीकरण र वर्गीकरण, पहिचान सहितको किसान परिचय पत्र वितरण"** संघीय सरकार र बागमती प्रदेश सरकारको सहयोग र समन्वयमा किसान सूचीकरण र वर्गीकरणको कार्य सम्पन्न गरि पहिचान सहितको किसान परिचय पत्र वितरण गरिनेछ ।
३. **"मकवानपुरगढीको शान, कृषकलाई उत्पादनमा आधारित प्रोत्साहन अनुदान"** कृषि विकास कार्यक्रममा विद्यमान रहेको वितरणमुखी अनुदान प्रणालीलाई क्रमशः कम गर्दै लगिनेछ र खाद्यान्न,

तरकारी तथा फलफूल बालीमा उत्पादनको आधारमा कृषकहरुलाई प्रोत्साहन अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

४. प्राँगारिक खाऔ, स्वस्थ रहौ : प्रागारिक खेतीको प्रवर्द्धन गरि प्रमाणीकरणको कार्य शुरुवात गरिनेछ र प्राँगारिक खेती गर्ने कृषकहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।

५. **"जग्गा नराखौ खाली, खनजोत गरी लगाऔ बाली"** बाँझो जग्गाको यथार्थ तथ्यांक संकलन गरि बाँझो जग्गा उपयोगमा ल्याउने नीति अबलम्बन गरिनेछ ।

६. जमिन भाडामा लिई खेती गर्ने कृषकहरुलाई जमिन भाडा वापत प्रति रोपनी दुई हजार रुपैयाको दरले उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

७. नेपाल सरकारबाट अनुदान प्राप्त रासायनिक मल वितरण प्रणालीलाई व्यवस्थित बनाउन किसान मल कार्ड लागु गरिनेछ ।

८. कृषकहरुलाई सूचना, प्रविधि र प्राविधिक सेवामा पहुँच बढाउनको लागि डिजिटल सेवाको विस्तार गरिनेछ ।

९. कृषकहरुले अनुसरण गरेको सफल प्रविधि, अनुसन्धानबाट प्रमाणित भएका नयाँ प्रविधि, कृषकहरुको सफलताको कथा, लगायतका सामाग्रीहरुको तयारी, प्रसारण र प्रकाशनका लागि कृषि संचार कार्यक्रम अन्तर्गत रेडियो कृषि कार्यक्रम, डकुमेन्ट्री निर्माण, बुलेटिन प्रकाशनको कार्य संचालन गरिनेछ ।

१०. संघ र प्रदेश सरकारको सहयोग र समन्वयमा विभिन्न बाली (खाद्यान्न, दलहन, तेलहन, तरकारी, फलफूल, मसलाजन्य, मौरी, च्याउ आदि) उत्पादन प्रवर्द्धनको कार्यक्रम संचालन गरिनेछ ।

११. कृषि प्रसार तथा प्राविधिक सेवा प्रवाह गर्न कृषि मेला प्रदर्शनी, कृषक पाठशाला, कृषक दिवस, बाली उपचार शिविर परिक्षण प्रदर्शन तथा विभिन्न विषयत तालिम, गोष्ठी, भ्रमण लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

१२. माटो परिक्षण प्रयोगशाला सेवालाई प्रभावकारी बनाईनेछ र आवश्यकताको आधारमा घुम्ति माटो परिक्षण शिविर संचालन गरिनेछ साथै माटो परिक्षण नतिजाको आधारमा कृषि चुन वितरणको व्यवस्था मिलाइनेछ ।

१३. गाउँपालिकामा कार्यरत कृषि प्राविधिकहरुको क्षमता अभिवृद्धि गर्न कृषि अनुसन्धान, कृषि शिक्षा र कृषि प्रसार क्षेत्रमा कार्यरत अनुभवी विषय विशेषज्ञद्धारा तालिम/गोष्ठी/ म्रमण लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

१४. कृषियोग्य जमिनमा सिंचाई पुर्याउनका लागि स-साना कुलो निर्माण तथा मर्मत, पोखरी निर्माण, पाईप सिंचाई, थोपा सिंचाई, स्प्रिंकल सिंचाईको व्यवस्था मिलाईनेछ ।

१५. मकवानपुरगढी गाउँपालिका वडा नं. २ कुर्लेदमारमा रहेको बंशगोपाल मा.वि.मा संचालनमा रहेको कृषि प्राविधिक धार तर्फका विद्यार्थीहरुलाई लक्षित गरि **"पढ्दै, कमाउदै कार्यक्रम"** कार्यान्वयनमा ल्याइनेछ साथै पालिकाभित्रका अन्य माध्यमिक विद्यालयहरुमा पनि यस कार्यक्रमलाई विस्तारित गरिदै लगिनेछ ।

१६. मकवानपुरगढी गाउँपालिका वडा नं. ५ मा अवस्थित तिलगंगा महिला बहुउदेश्यीय सहकारी संस्था लि.द्वारा संचालनमा ल्याइएको कोल्डरुम लक्षित उत्पादन तथा भण्डारण को कार्यक्रम संचालन गरिनेछ ।

१७. संघ, प्रदेश र स्थानीय तहबाट संचालन गरिने कृषि विकास कार्यक्रमलाई दोहोरोपना हुन नदिन तिनै तहको सरकारसँगको समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन पहल गरिनेछ ।

१८. रसायनिक मलखाद र विषादी प्रयोगमा कमी ल्याउन प्राँगारिक मल, भर्मी कम्पोष्ट, प्राँगारिक/जैविका विषादी उत्पादन तथा प्रयोग गर्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

१९. बागमती प्रदेश सरकारको सहयोग र समन्वयमा एक वडा एक उत्पादन कार्यक्रम कार्यान्वयनको लागि आवश्यक पहल गरिनेछ ।

२०. स्थानीय एवम् रैथानेबालीको उत्पादन प्रवर्द्धन, संकलन, विविधिकरण, प्रशोधन, लेबलिङ र प्याकेजिङ गरि, गराई बजारीकरणमा सहयोग गरिनेछ ।

२१. सामुदायिक विद्यालयहरुमा हप्ताको एक दिन दिवा खाजामा रैथानेबालीको परिकार समावेशको कार्यक्रमलाई निरन्तरता दिई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२२. वीउ विजनमा आत्मनिर्भर हुन खाद्यान्न, दलहन, तेलहन र तरकारीबालीको वीउ उत्पादनको श्रोत केन्द्र स्थापना गर्न पहल गरिनेछ ।

२३. प्राकृतिक प्रकोपका कारण कृषि बालीमा क्षति भएमा आवश्यक क्षतिपूर्ति उपलब्ध गराउन पहल गरिनेछ ।

२४. बागमती प्रदेश सरकारको सहयोग र समन्वयमा मकावनपुरगढी गाउँपालिका वडा नं. ७ मा एभोकाडो खेतीको क्षेत्र विस्तार गरिनेछ ।

२५. साना किसानहरुलाई लक्षित गरि विशेष कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

२६. मकवानपुरगढी गाउँपालिका भित्र कृषि उत्पादन तथा कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्ने फर्म/कम्पनीलाई प्रोत्साहन अनुदानको व्यवस्था मिलाइनेछ ।

२७. कृषकहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न तालिम/गोष्ठी/भ्रमण कार्यक्रम संचालन गरिनेछ ।

२८. **"कृषकलाई टेवा, घर घरमा प्राविधिक सेवा"** भन्ने मूल नारालाई आत्मसाथ गर्दै हरेक कृषकको पहुँच मा पुर्याउन एक वडा एक कृषि/पशु प्राविधिक सेवालाई प्रभावकारी बनाईनेछ ।

२९. बाली तथा पशुपन्छी बीमाको कार्यक्रमलाई प्रभावकारी बनाई सवै कृषकको पहुँचमा पुर्याइनेछ ।

३०. संघ तथा प्रदेश सरकारको सहयोग र सहकार्यमा सामूहिक एवम् चक्लाबन्दी खेती गर्न प्रोत्साहन गरिनेछ र आवश्यकताको आधारमा कृषि उपज संकलन केन्द्र, किसान बजार तथा हाट बजारको स्थापना गरि संचालनमा ल्याईनेछ ।

३१. कृषि तथा पशुपालन समूहलाई सक्रिय बनाई राख्न कृषक समूहलाई लक्षित गरि प्रोत्साहन अनुदानको कार्यक्रम लागु गरिनेछ ।

३२. कृषि विकास कार्यक्रम संचालनको प्रभावकारी अनुगमनको व्यवस्था गरिनेछ ।

३३. पशु प्राविधिकको व्यवस्था गरी सरल, शुलभ सेवा, पशु उपचार, कृतिमा गर्भाधान, गोबर परिक्षण, दुग्ध परिक्षण तथा अन्य विविध सेवाहरु प्रदान गरिनेछ ।

३४. पशु आहारामा आत्मनिर्भर बनाउनका साथै उत्पादन लागत कम गर्न घाँस खेतीमा आधारित घाँस उत्पादन प्रवर्द्धन कार्यक्रम संचालन गरिने छ ।

३५. पशुमा लाग्ने संक्रमण सरूवा रोगहरुः खोरेत ,भ्यागुते ,लम्पी सकिन रोग, पिपिआर.रेविज रोग लगायतका रोगहरु नियन्त्रण गर्न खोपको सुनिश्चता गरिने छ ।

३६. दुग्ध तथा मासुको उत्पादन र उत्पादकत्व वृद्धिको लागि कृत्रिम गर्भाधानको माध्यमद्वारा पशु नश्ल सुधारको कार्यलाई  सर्वसुलभ र प्रभावकारी बनाइनेछ ।
३७. पशु पालक कृषकहरूको पशुधन सुरक्षणको लागि पशु बिमा कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।
३८. पशु फर्म, कम्पनी, सहकारी तथा पशहरुको तथ्यांकलाई अध्यावधिक गरी पशु पालन सम्बन्धी नीति तथा कार्यक्रहरुलाई व्यवस्थित गर्न सहजीकरण गरिनेछ ।
३९. गाउँपालिकामा प्राप्त स -सर्त अनुदानका कार्यक्रमहरू संघ, प्रदेश सँग समन्वय गरी संचालन गरिने छ ।
४०. दुग्ध उत्पादन, बिबिधिकरण तथा बजारीकरण गर्न सहकारी संस्थासँग समन्वय गरी कार्यक्रम संचालन गरिने छ ।
४१. पशु बझोपन, उपचार, पशु स्वास्थ्य शिविर, कृषक तथा प्रविधिकहरूको क्षमता अभिबृद्धिको लागि तालिम तथा शिविर संचालन गरिनेछ ।
४२. श्रम समयको बचत गर्दै  पशुपालनमा सहजीकरणका लागि पशु यान्त्रिकरणको व्यवस्था गरिने छ ।
४३. पशुपालनमा साना कृषकहरूलाई आबद्ध गरी गरिवी न्युनीकरण गर्न विउ पुँजीको व्यवस्था गरिने छ ।
४४. कृषि तथा पशुपालक कृषकहरुका लागि उत्पादनमा आधारित अनुदानमा संघ तथा प्रदेश सरकारको कार्यक्रमसँग दोहरो नपर्ने गरी उपयुक्त बैकल्पिक प्रोत्साहन कार्यक्रमको पहिचान गरी अनुदानको व्यवस्था गरिने छ ।
४५. पशुको आहारा व्यवस्थापनको लागि साइलेज उत्पानको व्यवस्था गरिनेछ ।
४६. वडा नं. ३ मा निर्मित पशु दाना उद्योगबाट व्यवस्थित रुपमा उत्पादन प्रक्रिया अगाडि बढाउन प्राथीमिकताका साथ कार्य गरिनेछ ।
४७. गाउँपालिका भित्र रहेका बाँझो जग्गालाई सदुपयोग गर्दै घाँस खेती प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।
४८. कृषकहरूलाई कृषि तथा पशुपालन पेशामा प्रोत्साहन गर्दै भविष्यमा आइपर्ने समस्यालाई सहजीकरण गर्न पालिका, कृषक र सहकारीबीचको सहकार्यमा **कृषक भविष्य कोष** स्थापना गर्न आवश्यक पहल गरिनेछ ।
४९. कृषि तथा पशुपालन परियोजना बैंक बनाई आवश्यक पर्ने भूमि, भूमि बैंक मार्फत निशुल्क उपलब्ध गराउन पहल गरिनेछ ।
५०. मकवानपुरगढी वडा नं. ६ मा निर्माणाधिन कोल्ड स्टोरलाई निजी क्षेत्रसँगको सहकार्यमा संचालनमा ल्याईनेछ ।
५१. संघ, प्रदेश र निजी क्षेत्रको साझेदारीमा कृषि औजार कारखाना स्थापनाका लागि पहल गरिनेछ ।

**ख) सहकारी :**

१. अर्थतन्त्रको एक खम्बाको रुपमा रहेको सहकारी, स्थानीय तहमा हस्तान्तरण भई यसको संचालन जिम्मेवारी स्थानीय सरकारले लिनुपर्ने अवस्था भएकोले मकवानपुरगढी गाउँपालिकामा रहेका

विषयगत सहकारीको समन्वय समिति गठन गरी सबै विषयगत सहकारीहरुको प्रतिनिधित्व रहेने गरी **"गाउँपालिका स्तरीय सहकारी संजाल"** गठन गरिनेछ ।

२. **"हामी सहकारीमा, सहकारी उद्यम सिर्जनामा"** भन्ने नारालाई सार्थक बनाउन सहकारी संस्थाको लगानीमा उद्योग संचालनमा जोड दिईनेछ । साथै एक सहकारी एक उत्पादन कार्यक्रमलाई अनिवार्य गराईनेछ ।
३. सहकारीहरुको बर्गीकरण गरी साना सहकारीलाई तालिम, प्रविधि र प्रोत्साहनको नीति लिईनेछ भने ठुला सहकारीहरुलाई साझेदारी, उद्यम र उत्पादनमा जोड दिने नीति लिईनेछ ।
४. सहकारीको तथ्यांक व्यवस्थानमा सहयोग गर्नका लागि कोपोमिस तालिम संचालन गरिनेछ ।
५. सहकारी सम्बद्ध धितो मुल्यांकन समितिलाई धितो मुल्यांकन तालिम संचालन गरिनेछ ।
६. सहकारीको माध्यमबाट समुदायका आर्थिक एवम् सामाजिक विकास गर्न गाउँपालिका तहबाट स्पष्ट नीति निर्माण गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।
७. **"दिगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी"** भन्ने मुलमन्त्रलाई सार्थकता दिन गाउँपालिका सहकारी संघसंस्थाहरुको समन्वय र सहकार्यमा दिगो विकास लक्ष्य प्राप्तिका कार्यक्रमहरुको संचालन तथा सहकारीमा संकलित पूँजिलाई गरिवी निवारण तथा उत्पादनशील क्षेत्रमा लगानी गर्न आवश्यक नीति तर्जुमा गरी प्रोत्साहन गरिनेछ ।
८. गाउँपालिकाभित्र रहेका सबैखाले सहकारीहरुले संचालन गरेका विविध क्रियाकलापहरुको एकिृत जानकारी एवम् अनुगमन गर्नका लागि गाउँपालिका तहमा सफ्टवयरको निर्माण प्रक्रिया अगाडि बढाईनेछ ।

**ग) उद्योग तथा वाणिज्य :**

१. स्थानीय कच्चा पदार्थमा आधारित साना उद्योगहरु संचालनको लागि सम्भाव्यता अध्ययन गरी उद्योग दर्ताको सरल प्रक्रिया बनाई उत्पादनमा जोड दिईनेछ ।
२. महिला उद्यमीको हकमा उद्योग दर्ता प्रक्रियामा ५० प्रतिशत दस्तुर छुट गरिने छ साथै केही बिउ पूँजि अनुदानको रुपमा व्यवस्था गरिनेछ ।
३. स्थानीय स्तरमा घरेलु उद्योग संचालनका लागि विशेषतः युवाहरुलाई उत्प्रेरित गरिने छ । साथै केराको चिप्स, गुन्द्रुक, मस्यौरा, अचार, तितौरा जस्ता स्थानीय खाद्य उत्पादनलाई बजारीकरण गर्ने व्यवस्था मिलाईनेछ ।
४. **"तपाईं उत्पादन गर्नुहोस्, हामी बजार खोज्छौं"** भन्ने नीति अवलम्वन गरिनेछ ।
५. मकवानपुरगढी गाउँपालिकामा आई उद्योगधन्दा सुरु गर्न चाहने उद्योगी व्यवसायीहरुलाई उद्योग तथा लगानीमैत्री वातावरणको सिर्जना गरिनेछ ।
६. विभिन्न सिपमूलक तालिम संचालन गरी गाउँमै उद्योग व्यवसाय संचालनको लागि जोड गरिनेछ ।
७. पालिकाभित्र उपयुक्त स्थान पहिचान गरी औद्योगिक ग्राम स्थापनार्थ सम्बन्धित सरोकारवालहरुसमक्ष पहल गरिनेछ ।

**घ) पर्यटन :**

१. ऐतिहासिक मकवानपुरगढी दरबार, मनकामना मन्दिर, सहिद रुद्र पाख्रिन स्मृति पार्क, पशुमैत्री पार्क, जलेश्वर धाम, बिजय पार्क, ढुङ्गेगढी, रानीबास एग्रो टुरिजम पार्क, ऋषेश्वर गुफा, ऐतिहासिक

हेलिग्राफ, बि.पि. पर्यटन पार्क, धनडाँडा मातातिर्थ मन्दिर तथा अदालत डाँडा लगायतका उच्च पर्यटकीय सम्भावना बोकेका क्षेत्रको विकासलाई जोड गरिनेछ ।

२. सामरी पुलदेखि डुम्रेकुनासम्मको सडकलाई व्यवस्थित गरी सडकको दुवै छेउमा वृक्षारोपण गरी हरित सडक निर्माणमा जोड दिँदै बाह्य पर्यटकलाई आकर्षण गर्न प्रतियोगितात्मक साईकल रेस खेल आयोजना गर्न पहल गरिनेछ ।

३. सबै पर्यटकीय क्षेत्रका पदाधिकारी, अगुवाहरु र विशेषज्ञहरुको सहभागिता रहने गरी कामकाजी र सक्रिय **"मकवानपुरगढी गाउँपालिका स्तरीय पर्यटन विकास समिति"** गठन गरिनेछ ।

४. **"मकवानपुरगढी गाउँपालिकाको पहिचान, एकिकृत पर्यटकीय अभियान"** भन्ने नारालाई सार्थक बनाउन पर्यटकीय क्षेत्रहरुको प्रचारप्रसारको लागि होर्डिङ बोर्ड, रेडियो कार्यक्रम तथा डकुमेन्ट्री निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

५. पर्यटकीय क्षेत्र निर्माण गर्दा सकेसम्म ठुला मेसिनरी औजार प्रयोग नगरी मानव श्रमको उपयोग गरी त्यस क्षेत्रको प्राकृतिक सौन्दर्यता, भौगोलिक मौलिकतालाई कायम गरी, सांस्कृतिक र ऐतिहासिकतालाई समेत यथावत राखी निर्माण गर्ने कामलाई प्रोत्साहन गरिनेछ ।

६. मकवानपुरगढी गाउँपालिकाका महत्वपूर्ण पर्यटकीय क्षेत्रका आसपास होमस्टे, गेस्ट हाउस तथा ठुला होटलहरु संचालन गर्न लगानीकर्ताहरुको खोजी गरिनेछ । साथै सानो गढीमा प्याराग्लाईडिङको सम्भाव्यता अध्ययन तथा परिक्षण उडानको लागि पहल गरिनेछ ।

७. मकवानपुरगढी १ मा रहेको रानीबास एग्रो टुरिजम पार्कमा मकवानपुरगढी कला संग्राहलय स्थापना गर्न पहल गरिनेछ ।

८. भौगोलिक सम्भाव्यता पहिचान गरी मकवानपुगढी मानव निर्मित ताल निर्माण कार्यमा जोड दिईनेछ ।

**ङ) श्रम तथा रोजगारी :**

१. **"श्रमको सम्मान, राष्ट्रको अभियान"** भन्ने राष्ट्रिय नारालाई व्यवहारतः कार्यान्वयन गर्दै श्रममूलक आयोजनाहरुको छनौट, स्थानीयहरुको रोजगारी तथा श्रममूलक आयोजनाको व्यवस्थित कार्यान्वयनका लागि सचेतना एवम् जागरणमूलक कार्यक्रम संचालन गरिनेछ ।

२. गाउँपालिको ५ वर्षे रोजगार रणनीति तयार गरी समग्र पालिका क्षेत्रको श्रम तथा रोजगारीको चुनौती, सम्भाव्यता र अवसरहरुको विष्लेषण गर्दै चरणबद्ध कार्यक्रमहरु संचालन गरिनेछ ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रमको व्यवस्थित कार्यान्वयन मार्फत स्थानीय तहमा रहेका बेरोजगार व्यक्तिहरुलाई सूचीकृत गरी रोजगार व्यवस्थापन सूचना प्रणाली मार्फत अध्यावधिक गरिनेछ ।

४. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकाबाट कार्यान्वयन हुने श्रममूलक काममा सूचीकृत बेरोजगारहरुलाई कार्यस्थालमा आधारित तालिम सहितको न्यूनतम रोजगारी प्रदान गरिनेछ । साथै स्थानीय तहबाट नै श्रम, सीप, उद्यमशीलता विकास लगायतका सेवा प्रदान गर्न सक्ने गरी रोजगार सेवा केन्द्रको स्तर उन्नती गरिनेछ ।

५. पालिका स्तरीय योजना कार्यान्वयन गर्दा सूचीकृत बरोजगारहरुलाई प्रथमिकतामा राखी काममा लगाईनेछ ।

६. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन गर्न आवश्क सिपमूलक तालिमको पहिचान गरी संघ तथा प्रदेश सरकारको समन्वयमा तालिमको व्यवस्था मिलाईनेछ ।

७. स्थानीय तहभित्र रहेका रोजगारमूलक संस्थाहरु, निजी, सरकारी तथा गैह्र सरकारी संस्थाहरुसँग समन्वय गरी रोजगारी सृजनाका लागि अधिकतम पहल गरिनेछ ।

८. बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति र नवीकरण गर्न काठमाडौं धाउनु पर्ने विद्यमान अवस्थाको अन्त्य गरी पालिकाको रोजगार सेवा केन्द्र मार्फत नै श्रम स्वीकृति र नवीकरण गर्ने कार्यमा सहजीकरण गरिने छ ।

९. बैदेशिक रोजगारीको सिलसिलामा विदेशमा अलपत्र परेका नागरिकहरुको शीघ्र उद्दार, वैदेशिक रोजगारीका क्रममा घाईते वा मृत्यु भएका श्रमिकको परिवारलाई प्रदान गरिने राहत, क्षतिपूर्ति, छात्रवृत्ति लगायतका कल्याणकारी सेवा स्थानीय तहबाटै प्राप्त गर्न रोजगार सेवा केन्द्र मार्फत सहजीकरण गरिने छ ।

१०. प्रधानमन्त्री रोजगार कार्यक्रमक्रम अन्तर्गत सूचीकृत बेरोजगारहरुको ज्यालाको लागि प्राप्त शसर्त अनुदान बजेटमा गाउँपालिकाको तर्फबाट समेत बजेट साझेदारी गरी दिगो सार्वजनिक निर्माणका काममा प्राथमिकता दिईने छ ।

## २.सामाजिक विकास

### क) शिक्षा :

१. गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत विपन्न परिवारका छात्राहरुको सहज शैक्षिक पहुँचको सुनिश्चिताका लागि **उपाध्यक्ष शैक्षिक छात्रा छात्रवृत्ति कार्यक्रम**लाई निरन्तरता दिइनेछ । यसका साथै प्राविधिक तथा उच्च शिक्षा अध्ययन गरिरहेका अति विपन्न, असहाय, टुहुरा, दलित, उत्पीडित, जेहेन्दार, छात्र-छात्रालाई गाउँपालिकाले छात्रवृत्ति प्रदान गर्ने नीति अंगीकार गरिनेछ ।

२. शिक्षा सम्बन्धी प्रचलित कानूनमा तोकिएको मापदण्ड अनुसारको विद्यार्थी संख्या नभएका विद्यालयहरुलाई **"सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७"** ले गरेको व्यवस्था अनुरुप एकीकरण तथा समायोजनमा जानका लागि प्रोत्साहित गरिनेछ ।

३. शिक्षा क्षेत्रलाई थप व्यवस्थित, गुणस्तरीय, प्रभावकारी तथा योजनावद्ध ढङ्गले अगाडी बढाउनका लागि शिक्षा सम्बन्धी नीति निर्माण गरी कार्यान्वयन गरिनेछ । साथै गाउँ शिक्षा योजना निर्माण कार्य सम्पन्न गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

४. प्रारम्भिक बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुलाई संघीय सरकारद्वारा वित्तीय हस्तान्तरण भई आएका तलब भत्ता रकममा प्रचलित कानून बमोजिम न्यूनतम पारिश्रमिक बापत नपुग हुन आउने बजेटको व्यवस्था गाउँपालिकाले गर्नेछ । यसका अतिरिक्त प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा नरहेका विद्यालयहरुमा न्यूनतम १ बालविकास केन्द्र सञ्चालन हुने व्यवस्था सुनिश्चित गरिनेछ । साथै विद्यार्थी संख्याको आधारमा बालविकास केन्द्रहरुको पुनर्वितरण गरिनेछ ।

५. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अधिकतम् उपयोग गर्दै शिक्षण सिकाइ क्रियाकलापलाई प्रविधिमैत्री बनाउँदै लगिनेछ । यसका लागि इन्टरनेटको पहुँच नपुगेका विद्यालयहरुमा इन्टरनेट सेवाको पहुँच बिस्तार गरिनेछ ।

६. “सीपमुलक प्राविधिक शिक्षा आजको आवश्यकता” भन्ने नारालाई सार्थक तुल्याउन हाल प्राविधिक धारतर्फको वाली विज्ञान विषय अध्यापन भैरहेको श्री वंशगोपाल माध्यमिक विद्यालयको सवलीकरण एवम् सुदृढीकरण गरिनेछ ।

७. दिवा खाजा कार्यक्रमका लागि संघीय सरकारबाट प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ६ सम्मका लागि दिवा खाजा अनुदान वित्तीय हस्तान्तरण भैसकेको सन्दर्भमा यस गाउँपालिकाबाट कक्षा ७ देखि कक्षा १२ सम्मको विद्यालय दिवा खाजा कार्यक्रमका लागि विद्यालयलाई दिइदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८. प्रधानाध्यापक तथा शिक्षकहरुको क्षमता अभिवृद्धिका लागि पेशागत विकासका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । यसका अतिरिक्त प्रारम्भिक बालविकास सहजकर्ताहरुको क्षमता विकासका लागि मन्टेश्वरी विधिमा आधारित तालिम तथा शिक्षकहरुलाई विषयगत तालिम सञ्चालन गरिनेछ । सफल सामुदायिक विद्यालयहरुका नविनतम् एवम् अनुकरणीय अभ्यासहरुलाई आत्मसाथ गर्नका लागि शैक्षिक अवलोकन भ्रमण कार्यक्रमलाई निरन्तरता दिइनेछ । प्रधानाध्यापकहरुलाई थप जिम्मेवार, पेसाप्रति दत्तचित्त, कर्तव्यनिष्ठ बनाई शैक्षिक सुधारमा योगदान दिन सक्ने वातावरण निर्माणका लागि प्रोत्साहित गरिनेछ । विद्यालय स्तरीय अतिरिक्त शैक्षिक क्रियाकलापहरुलाई निरन्तरता दिई थप प्रभावकारी बनाइनेछ ।

९. विद्यालयहरुमा विद्यमान खानेपानीको समस्यालाई क्रमशः समाधान गर्दै लगिनेछ । विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिने नीति अवलम्बन गरिनेछ ।

१०. विपदको समयमा शैक्षिक क्रियाकलापलाई निरन्तरता दिनका लागि “विपदको समयमा विद्यालय सञ्चालन योजना” निर्माण गरी लागू गरिनेछ ।

११. सामुदायिक विद्यालयमैत्री गाउँपालिका घोषणाका लागि आधारभूत मापदण्ड विकास गरिनेछ ।

१२. विद्यालय शिक्षामा अभिभावकहरुको अपनत्व विकास गर्नका लागि विद्यालयमा तहगत अभिभावक शिक्षा कार्यक्रम लागू गरिनेछ । यसका साथै विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

१३. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा दरबन्दी मिलान गरी शिक्षक व्यवस्थापनलाई अझै व्यवस्थित गरिनेछ ।

१४. विद्यमान शिक्षा ऐन, शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन मार्फत शैक्षिक सुशासन अभिवृद्धि गरिनेछ ।

१५. विद्यालय अनुगमन प्रणालीलाई थप व्यवस्थित तथा नतिजामूखी तुल्याइनेछ । शिक्षक पेसागत सहयोग कार्यक्रमको प्रभावकारीता अभिवृद्धि गरिनेछ ।

१६. भौगोलिक रुपमा विद्यालयबाट टाढा रहेका बालबालिकाहरुलाई विद्यालयसम्म सहज पहुँचका लागि आवश्यक व्यवस्था गरिनेछ ।

१७. आधारभूत तहसम्म प्रत्येक बालबालिकाको अनिवार्य शिक्षा सुनिश्चितताका लागि विद्यालय जाने उमेरका सम्पूर्ण बालबालिकाहरुको भर्ना, पुनःभर्ना र आवश्यक शैक्षिक सहयोग, अभिभावक परिवारलाई जीविकोपार्जन कार्यक्रम अन्तर्गत सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. संघीय तथा प्रादेशिक सरकारबाट हस्तान्तरण भएका कार्यक्रमहरुको प्रभावकारीता अभिवृद्धि गरिनेछ ।

१९. वडा शिक्षा समितिलाई थप क्रियाशील बनाइनेछ । विद्यालय अनुगमन तथा शिक्षक पेशागत सहयोग कार्यक्रमलाई नतिजामूखी तुल्याइनेछ ।

२०. विद्यालयमा अध्ययनरत वा विद्यालय छोडेका किशोरकिशोरीहरुलाई जीवनोपयोगी शिक्षा अन्तर्गत लक्षित समुहलाई तालिम तथा जीवन्त शिक्षा स्वयंसेवी शैक्षिक अभियानमा जोडिदै लाने र स्थानीय पाठ्यक्रममा समावेश गर्नका लागि अध्ययन गरी प्रक्रिया अगाडि बढाईनेछ ।

२१. पारिवारको कमजोर आर्थिक स्थितिका कारण नियमित विद्यालय शिक्षाबाट वञ्चित रहेका बालबालिकाहरुको अभिभावकहरुलाई लक्षित गरी अभिभावक स्तर र समुदाय स्तरमा चेतनामूलक कार्यक्रम संचालन गर्नुका साथै आयमूलक कार्यक्रम संचालन गरिनेछ ।

२२. विद्यार्थी संख्या एवम् तहगत रुपमा न्यून शिक्षक दरबन्दी वा शुन्य दरबन्दी भएका विद्यालयहरुमा शिक्षण सहयोग अनुदान प्रदान गर्ने नीति अंगीकार गरिनेछ ।

२३. मकवानपुरगढी ३ मा अवस्थित भानु माध्यमिक विद्यालयमा सूचना प्रविधि सम्बन्धी प्राविधिक शिक्षालय स्थापना गर्न पहल गरिनेछ ।

२४. मकवानपुरगढी ५ मा सहिद बासुदेव बहुमुखी क्याम्पस स्थापनाका लागि पहल गरिनेछ ।

**ख) स्वास्थ्य :**

सबै गाउँबासीलाई सहज र पहुँचयुक्त स्वास्थ्य सेवा पुर्याउन मकवानपुरगढी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवा गुणस्तरीयता र निरन्तरताका लागि चालु आ.ब.मा शुरु गरिएका असल अभ्यासलाई निरन्तरता दिंदै आ.व.२०८०/०८१ मा देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१. ५ बर्ष मुनिका सम्पूर्ण बालबालिकाहरुलाई तोकिएको समयमा लगाउनुपर्ने सबै खोपहरु प्रदान गरि पूर्ण खोप सुनिश्चितता भएको गाउँपालिका र सो को दिगोपनालाई आवश्यक कार्यका साथ निरन्तरता दिइनेछ ।

२. स्वास्थ्य संस्थामा सुरक्षित प्रसुति हुने हालको करिव ८० प्रतिशत दरलाई ९० प्रतिशत पु-याउन गर्भवती महिलाको घरभेट साथै प्रसुति पूर्व तयारीका लागि स्वास्थ्य आमा समूहलाई परिचालन गरिनेछ ।

३. गाउँपालिका अन्तर्गतका ५ वटा बर्थिङ सेन्टरहरुमा आवश्यक उपकरण साथै तालिम प्राप्त दक्ष प्रसुतिकर्मि (SBA) बाट सुरक्षित प्रसुति हुने व्यवस्था गरिने छ ।

४. सेवा प्रवाहका लागि अपर्याप्त स्वास्थ्य संस्थाहरुको भवन मर्मत साथै नयाँ निर्माण गर्न जग्गा व्यवस्थापन कार्यलाई प्राथमिकताकासाथ  कार्यान्वयनमा ल्याइनेछ ।

५. किशोरकिशोरीहरुमा हुने स्वास्थ्य समस्यालाई स्थानीय स्वास्थ्य संस्थामा नै समाधान गर्न सबै स्वास्थ्य संस्थामा किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था बनाउन आवश्यक सामग्री सहित छुट्टै सेवा कक्ष विस्तार गरिनेछ ।

६. घरमा हुने प्रसुति शुन्य (Zero Home Delivery) वडा र पालिका बनाउनका लागि जनप्रतिनिधि, स्वास्थ्यकर्मि,महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, सामुदायिक संघसंस्थाहरु समेत परिचालन गरिनेछ ।

७. संस्थागत प्रसुति प्रोत्साहनका लागि उत्तरप्रसुती घरभेट (PNC Visit) सँगै **"सुत्केरीसँग जनप्रतिनिधि भेटघाट कार्यक्रम"** सञ्चालन गरिनेछ ।

८. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानसँगको सहकार्यलाई निरन्तरता दिदैं स्वास्थ्यकर्मीलाई तालिम प्रदान गरी आवश्यक सामग्री सहित प्रशामक सेवा दिइनेछ ।

९. जेष्ठ नागरिकहरुलाई सामान्य स्वास्थ्य सेवाका लागि पनि स्वास्थ्य संस्थामा जानुपर्ने समस्या घटाउन स्वास्थ्यकर्मी सहित **"जेष्ठ नागरिकसँग जनप्रतिनिधि कार्यक्रम"** मार्फत सामाजिक सुरक्षा भत्ता वितरणको समयमा घरदैलोमा नै बार्षिक २ पटक सामान्य स्वास्थ्य परीक्षण सेवा दिइनेछ ।

१०. मकवानपुरगढी र आमभञ्ज्याङ्ग स्वास्थ्य चौकीमा सञ्चालनमा रहेका प्रयोगशालामा आवश्यक जनशक्ति र उपकरण सहित सेवा विस्तार गरिनेछ ।

११. निर्माणाधिन मकवानपुरगढी सामुदायिक अस्पताल भवन निर्माण अन्तिम चरणमा पुगेको हुँदा सो को सञ्चालनका लागि कम्पाउण्ड लगायत थप पूर्वाधारका साथै आवश्यक उपकरण र जनशक्ति व्यवस्थापन गरी सेवा शुभारम्भका लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारका साथै विभिन्न सरोकारवाला निकायहरुसँग समन्वय गरिनेछ ।

१२. गाउँघरमा निस्वार्थ स्वास्थ्य सेवा प्रदान गर्दै आउनुभएका यस गाउँपालिकाका सबै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई आवश्यक प्रोत्साहन र सम्मान गरिनेछ साथै नियमानुसार उमेर हदका कारण सेवा अवधी पुगेकालाई सम्मानजनक विदाई गरिनेछ ।

१३. किशोरीहरुमा पहिलो पटक महिनावारी हुँदा हुनसक्ने स्वास्थ्य र मनोसामाजिक समस्या न्यूनीकरण गर्न स्वास्थ्यकर्मि सहित "शुभकामना घरभेट कार्यक्रम" सञ्चालन गरिनेछ ।

१४. चालु आ.व.मा वडाहरुबाट शुरु गरिएको निःशुल्क स्वास्थ्य विमा कार्यक्रमलाई विस्तार गर्दै यस गाउँपालिकाभित्र बसोबास गर्ने अति विपन्न, पूर्ण र अति अशक्त अपाङ्गता भएका व्यक्ति साथै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई गाउँपालिकाबाट निःशुल्क स्वास्थ्य विमाको व्यवस्था गरिनेछ ।

१५. गाउँटोलमा नै स्वास्थ्य सेवा प्रदान गर्ने १२ वटा खोप क्लिनिक र २७ वटा गाउँघर क्लिनिकलाई व्यवस्थित र सेवा प्रदानमा सहज बनाउनका लागि वडालाई जिम्मेवार बनाउँदै आवश्यक सेवाका लागि उपकरण र सामग्री व्यवस्थापन गरिनेछ ।

१६. स्वास्थ्य संस्थाहरुमा १२ महिना नै नेपाल सरकारबाट तोकिएका निःशुल्क औषधिहरु सहज रुपमा उपलब्ध गराउन वडाहरुलाई समेत जिम्मेवार बनाउँदै स्वास्थ्य शाखा मार्फत आवश्यक व्यवस्थापन गरिनेछ ।

१७. समयमा नै जटिलतायुक्त गर्भ पहिचान गरी आमा र गर्भशिशुको जीवन रक्षा गर्न सहयोगी हुने ग्रामिण अल्ट्रासाउण्ड सेवाका लागि चालु आ.व.मा सेवा प्रदायकलाई तालिम प्रदान गरि सकिएको हुँदा आ.व.२०८०/०८१ मा ग्रामिण अल्ट्रासाउण्ड मेशिन खरिद गरि ८ वटै वडामा मासिक घुम्ती सेवा सुरुवात गरिनेछ ।

१८. चालु आ.व.सम्म "एक विद्यालय एक नर्स कार्यक्रम" लागु भएका विद्यालय र थप हुने विद्यालयहरुमा विद्यालय नर्सको उपलब्धता सुनिश्चित गर्दै आवश्यक सामग्री, उपकरण र औषधि व्यवस्थापन गर्न बागमती प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

१९. स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मी र सहयोगी कर्मचारीहरुलाई उच्च मनोबलका साथ जनउत्तरदायी सेवा प्रदायक बनाउन आवश्यक प्रोत्साहन साथै निश्चित सूचकका आधारमा पुरस्कृत र सम्मान गरिनेछ ।

२०. तालिम प्राप्त स्वास्थ्यकर्मी मार्फत सुरक्षित गर्भपतन सेवाका लागि चालु आ.व.भित्रै आमभञ्ज्याङ्ग र सुकौरा स्वास्थ्य चौकी साथै आँपटार सामुदायिक स्वास्थ्य इकाईलाई संस्था सुचीकृत गरि आ.व.२०८०/०८१ बाट नियमित सेवा प्रदान गरिनेछ ।

२१. समय समयमा फैलने डेङ्गु, कोभिड-१९, दादुरा, झाडापखाला लगायत विभिन्न सरुवा रोगको प्रकोप पूर्व तयारी, रोकथाम तथा नियन्त्रणका लागि द्रुत प्रतिकार्य योजना बनाई द्रुत प्रतिकार्य टोली (Rapid Response Team–RRT)तयारी अवस्थामा राखी परिचालन गरिनेछ ।

२२. गाउँबासीहरुले पिउने पानीको गुणस्तरीयता सुनिश्चितता गर्न प्रमुख मुहानहरुको पानीको गुणस्तर मापन गर्न हेटौडा खानेपानी बोर्डसँग सहकार्यका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

२३. तोकिएका सूचकका आधारमा यस गाउँपालिकालाई पोषण मैत्री गाउँपालिका बनाउन आ.व.२०८०/०८१मा कम्तिम २ वटा वडालाई पोषण मैत्री वडा घोषणा गरिनेछ ।

२४. आकस्मिक अवस्था, मृगौला डायलायसिस गराइरहेका र अन्य अवस्थामा समेत अति आवश्यक रगतको आपुर्ति गर्न नेपाल रेडक्रस सोसाइटी मकवानपुर शाखासँगको सहकार्यमा निःशुल्क रक्तसंचार सेवालाई निरन्तरता दिइनेछ ।

२५. संघीय र प्रदेश सरकारबाट हस्तान्तरित सशर्त स्वास्थ्य कार्यक्रम साथै विभिन्न अभियानहरु लक्ष्य बमोजिम बार्षिक कार्ययोजना बनाएर कार्यान्वयन गरिनेछ ।

२६. स्वास्थ्य विमा संयोजन समिति मार्फत स्वास्थ्य विमा कार्यक्रममा सम्पूर्ण गाउँबासीहरुलाई समावेश गर्न दर्ता सहयोगीहरुको नियमित बैठक साथै नियमन गरिनेछ ।

२७. स्वास्थ्यकर्मीहरुका लागि दक्षता अभिबृद्धि गराउन आधारभूत कम्प्युटर साथै DHIS 2,eLMIS तालिम दिई सबै स्वास्थ्य संस्थामा इन्टरनेटको सुविधा पुर्याइ स्वास्थ्य संस्थाबाट नै नियमित रिपोर्टिङ कार्य गरिनेछ ।

२८. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, नेपाल परिवार नियोजन संघ, नेपाल जेसिज लगायत संघसंस्थाको सहकार्यमा महिलाहरुको स्तन र पाठेघरको मुखको क्यान्सरको निःशुल्क परीक्षण लगायतका स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

२९. हेटौंडा सामुदायिक आँखा अस्पतालको सहकार्यमा गाउँपालिकाको कम्तिमा २ स्थानमा मोतिविन्दु पहिचानका लागि निःशुल्क आँखा परीक्षण शिविर सञ्चालन गरिनेछ ।

३०. अपाङ्ग बाल अस्पताल तथा पुनर्थापना केन्द्र बनेपा, काभ्रेसँगको सहकार्यमा अपाङ्गता सम्बन्धी स्क्रिनिङ्ग शिविर आयोजना गरी पहिचान भएका सुधार हुन सक्ने अपाङ्गलाई सो अस्पताल मार्फत सुधारात्मक उपचार सेवा प्रदान गरिनेछ ।

३१. गाउँपालिकाभित्र हाल संचालनमा रहेका एम्बुलेन्सलाई व्यवस्थित रुपमा संचालन गर्न आवश्यक कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

३२. गाउँपालिकाभित्र विद्यालय नर्स कार्यक्रम लागु नभएका सबै विद्यालयहरुमा प्राथमिक उपचार बाकसको व्यवस्था गरिनेछ ।

**ग) खानेपानी तथा सरसफाइ :**

१. मकवानपुरगढी गाउँपालिकाको खानेपानी तथा सरसफाइ समस्या समाधान गर्नका लागि **“खानेपानी सरसफाइ तथा स्वच्छता योजना”** (**WASH Plan**) निर्माण गरी कार्यान्वयनको थालनी गरिनेछ ।

२. स्थानीय खानेपानी मुहानहरुको पहिचान, संरक्षण र मर्मत गरिनेछ ।

३. मिटर जडानसहितको एक घर-एक धाराको नीतिलाई निरन्तरता दिई पालिकाभित्रका सबै घरधुरीमा व्यवस्थित खानेपानीको आपूर्तिमा विशेष प्राथमिकता दिईनेछ ।

४. खानेपानी समस्या समाधानका लागि मकवानपुरगढी २, ३ र ४ मा संचालित बृहत खानेपानी योजनालाई थप स्तरबृद्धि गरी उपभोक्ताहरुलाई नियमित खानेपानीको व्यवस्था गरिनेछ ।

५. सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माणको लागि योजना निर्माण गरिनेछ ।

६. खानेपानी तथा सरसफाइ सम्बन्धी योजनाहरु कार्यान्वयन गर्न खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ लगायत अन्य विभिन्न संघसंस्थाहरुसँग समन्वय गरिनेछ ।

७. कुहिने र नकुहिने फोहोरको बर्गीकरण गरी घरबाटै फोहोर व्यवस्थापनको लागि सचेतनाको कार्यक्रमहरु संचालन गरिनेछ साथै फोहोरको दिगो व्यवस्थापनका लागि आवश्यकताको आधारमा ल्याण्डफिल्ड साईडको पहिचान र व्यवस्थापनका लागि कार्य प्रक्रिया अगाडि बढाईनेछ ।

८. स्वच्छ खानेपानी तथा सरसफाई सेवा व्यवस्थापनका लागि **मकवानपुरगढी खानेपानी व्यवस्थापन बोर्ड** गठन गरी विद्यमान रहेका सबै खानेपानी उपभोक्ता समितिलाई यस बोर्ड अन्तर्गत आवद्ध गराईनेछ ।

९. खानेपानीको क्षेत्रमा देखिएको समस्यालाई मध्यनजर गरी अल्पकालिन र दीर्घकालिन दुईचरणका खानेपानीका आयोजना संचालन गरीने छ ।

१०. मकवानपुरगढी गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त गाउँपालिका घोषणाको लागि कार्य प्रारम्भ गरिनेछ ।

११. अति विपन्न परिवार, एकल महिला तथा पुरुष, अपाङ्गता भएका परिवारलाई पक्की शौचालय निर्माणमा सहयोग पुऱ्याउने नीति अवलम्वन गरिनेछ । **एक घर एक पक्की शौचालय**को अवधारणालाई निरन्तरता दिइनेछ ।

१२. डिप बोरिङ प्रणालीबाट संचालन भएका खानेपानी तथा सिंचाई योजनाहरुको मर्मत तथा दिगोपनाका लागि आवश्यक बजेट तथा कार्यक्रम संचालन गरिनेछ ।

१३. ऐतिहासिक स्थल ढुंगेगढी आसपासमा खानेपानेको व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ साथै मकवानपुरगढी ४ स्थित बुर्जाडाँडा खानेपानी योजना र रानीसेरा लाईनपाखा वृहत खानेपानी योजना मकवानपुरगढी १ लाई थप व्यवस्थित एवम् स्तरउन्नती गरिनेछ ।

**घ) संस्कृति प्रवर्द्धन र विकास :**

१. मकवानपुरगढीका सबै जातजातिहरुको भाषा, कला र संस्कृति संरक्षण र विकासमा जोड दिईनेछ ।
२. परम्परागत कला संस्कृतिको जगेर्ना गर्ने उद्देश्यका साथ धार्मिक स्थल, मन्दिर, गुम्बा र चर्च जस्ता संरचनाहरुको निर्माण, मर्मत तथा संवर्द्धन गर्ने नीति लिईनेछ ।
३. मकवानपुरगढी ७, सुकौरामा **वोन्वो सामाग्री संग्रहालय** निर्माण प्रक्रियालाई निरन्तरता दिईनेछ ।
४. सम्भाव्य ठाउँको अध्ययन गरी गाउँपालिका स्तरीय एकिकृत बौद्ध पाठशाला गुम्बा निर्माणको लागि डि.पि.आर. तयार गरी प्रदेश र संघीय सरकार सँग बजेट पहल गरिनेछ ।
५. सबै धर्म, संस्कृती र परम्पराको विकास एवम् संरक्षणमा समान दृष्टि र समान अवसरको नीति अवलम्वन गरिनेछ ।
६. स्थानीय चाडपर्व, विवाह, ब्रतवन्ध, गुन्यौचोली, पास्नी जस्ता शुभ कार्यहरुमा प्रयोग हुने परम्परागत बाजाहरु नौमती, खैजडी, डम्फु आदिको प्रयोग, संरक्षण तथा सम्बर्द्धनमा जोड दिईनेछ ।
७. ऐतिहासिक मकवानपुरगढी दरबार परिसरमा जनजातिहरुको धार्मिक, सामाजिक तथा संस्कृतिक विशेषता झल्काउने गरी संग्राहलयको स्थापना गर्न पहल गरिनेछ ।

**ङ) खेलकुद :**

१. मकवानपुरगढी गाउँपालिका, खेलकुद विकासको लागि राम्रो सम्भावना बोकेको गाउँपालिका भएको हुँदा खेलकुद क्षेत्रको विकास र प्रवर्द्धनका लागि **गाउँपालिका स्तरीय खेलकुद विकास समिति** गठन गरिएकोमा सो समिति मार्फत सबै युवा क्वलबहरुलाई एकाकार गरी एकिकृत खेलकुद विकास कार्यक्रम संचालन गरिनेछ ।
२. मकवानपुरगढी ५, धादिङ्ग स्थित खुला चौरलाई **मिनि रङ्गसालाको** रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।
३. विभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा बलिदानी दिनुहुने मकवानपुरगढी गाउँपालिकाका वीर सहिदहरुको सम्मानार्थ पालिका स्तरीय सहिद स्मृती रनिङसिल्ड फुटबल प्रतियोगिता आयोजना गरिनेछ ।
४. विभिन्न जिल्ला स्तरीय र राष्ट्रिय खेलकुद प्रतियोगितामा स्थानीय खेलाडीहरुलाई सहभागी गराउनको लागि समन्वय गरिनेछ ।
५. गाउँपालिका अध्यक्ष/उपाध्यक्ष रनिङसिल्ड भलिवल प्रतियोगिता संचालन गरिनेछ ।
६. मकवानपुरगढी २ कुर्ले दमारमा रहेको खेल मैदानलाई पालिकास्तरको रङ्गशालाको रुपमा विकास गर्न प्रदेश र संघीय सरकार सँग पहल गरिनेछ ।
७. समग्र खेलकुद क्षेत्रको विकास मार्फत गाउँपालिकालाई जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरमा परिचित गराउन आवश्यक खेलकुद कार्यक्रमहरु संचालन गरिनेछ ।
८. युवाहरुको क्षमता विकास तथा प्रतिभा प्रस्फुटन कार्यक्रमलाई जोड दिँदै गाउँपालिका स्तरीय बुद्धिचाल (चेस) प्रतियोगिता आयोजना गरिनेछ ।
९. मवानपुरगढी ३ स्थित भानु माविको स्वामित्वमा रहेको फुटसल मिनीपिचलाई थप व्यवस्थित गर्न स्थानीय तह, प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी कार्य अगाडि बढाईनेछ ।
१०. एक वडा, एक खेलकुद मैदान निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

**च) लैंगिक समानता तथा सामाजिक समावेशीकरण :**

**अ) युवा :**

१. युवाहरुलाई उत्पादनमा केन्द्रित गरी कृषि, पशुपालन, पर्यटन प्रवर्द्धन र विकास कार्यक्रम बनाई स्थानीय कच्चापदार्थमा आधारित घरेलु उद्योगको स्थापना गरी स्वरोजगार सिर्जना गर्ने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।

२. युवाहरुलाई उद्यम सँग जोड्न आवश्यक पर्ने लगानी उपलब्ध गराउन स्थानीय सहकारी र अन्य वित्तिय संस्थाहरुसँग समन्वय गरिनेछ ।

३. युवा जस्तो सिर्जनशील र क्षमतावान शक्तिलाई विकृती, विसंगती र सामाजिक अपराधबाट मुक्त राख्न तत् सम्बन्धी जिम्मेवार निकाय तथा सामाजिक संघ संस्थाहरुसँग सहकार्य एवम् समन्वय गरिनेछ ।

**आ) महिला :**

१. विपन्न तथा ग्रामीण महिलाको आर्थिक, सामाजिक रुपान्तरणका लागि महिला विकास कार्यक्रमको विस्तार गरिदै लगिनेछ ।

२. आर्थिक तथा शैक्षिक बञ्चीतिकरणमा परेका महिलाको संरक्षण गरी गरिवीको दुश्चक्रलाई हटाउनका लागि गरिवी विरुद्ध महिला कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. सरोकारवाला सबै कार्यालय, शाखा, संघ, संस्था र वडाका लैगिंक सम्पर्क व्यक्तको क्षमता अभिर्वद्धि गरी लैंगिक उत्तरदायी बजेट बिनियोजनमा प्राथमिकता दिइनेछ ।

४. हिंसा पिडितको तत्काल उद्धार, पुनः स्थापना र परिवारमा पुनः एकीकरण तथा आर्थिक सशक्तीकरणलाई थप प्रभावकारी बनाउन सामुदायिक संरक्षण प्रणालीको आत्मसाथ गरी प्रभावकारी अभिलेखीकरण गरिनेछ ।

५. उद्यमशिलताको माध्यमबाट पिछडिएका तथा विपन्न महिलाको आर्थिक सशक्तीकरणका लागि महिला उद्यमी सहजीकरण केन्द्र कार्यक्रम संघीय सरकारको सहकार्यमा महिला उद्यमशीलता प्रवर्द्धन मार्फत थप सशक्त गरी संचालन गरिनेछ ।

६. लैंगिक समानता तथा सामाजिक समावेशीकरण मापनका सूचकहरुको प्रभावकारी अनुगमन र मूल्यांकन गरिनेछ ।

७. यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको तथ्यांक अद्यावधिक गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्दै लगिने छ ।

८. महिला सशक्तिकरणका लागि मानव बेचबिखन, घरेलु हिंसा, बहु विवाह, नेतृत्व तथा क्षमता विकास, लैंगिक हिंसा तथा विभिन्न खाले सचेतनामुलक तालिम, गोष्ठी, आर्यआर्जन, सीपमुलक कार्यकमहरु संचालन गरिनेछ ।

९. **मकवानपुरगढी गाउँपालिकाको आवाज हिंसा रहित समाज** भन्ने नाराका साथ यस मकवानपुरगढी क्षेत्रका महिलाहरुलाई आत्मा निर्भर र सक्षम बनाउन व्यवसायिकता तर्फ उन्मुख गराउन सीपमुलक, आयमुलक तालिम कार्यकमहरु समुह र संस्थागतरुपमा उपलब्ध गराइनेछ ।

१०. महिला/बालबालिकालाई अल्पकालीन संरक्षण तथा पुनरर्स्थापनाका लागि सरोकारवाला निकायहरुसंग सहकार्य र समन्वय गरिनेछ साथै **लैंगिक हिंसा निवारण कोषको** स्थापना गरिनेछ ।

११. विभिन्न किसिमका हिंसाका मुख्य कारण घरेलु मदिरा उत्पादन वा अन्य सबै प्रकारका मदिरा वितरणमा महिला संलग्नतालाई निरुत्साहित गरिनुको साथै सो पेशामा संलग्न महिलालाई वैकल्पिक आय आर्जनको कार्यकममा आवद्ध गराइनेछ ।

१२. जनप्रतिनिधी तथा अगुवा महिलाहरुका लागि नेतृत्व विकास, समविकास, तनाव व्यवस्थापन लगायत विषयमा तालिम प्रदान गरिनुका साथै अवलोकन भ्रमण गराइनेछ ।
१३. योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन कार्यमा महिलाकृ सहभागितालाई सुनिश्चित गरिनेछ ।
१४. उद्यमी महिलाहरुलाई स्थानियस्तर मै व्यवसाय गरी रोजगारीको सिर्जना गर्न प्रोत्साहन गरिनेछ साथै स्थानिय उत्पादनलाई प्रोत्साहन गरी बजारीकरण गरिनेछ ।
१५. मकवानपुरगढी गाउँपालिका भित्रका किशोरीहरुको समूह गठन गरी उनीहरुलाई आत्मारक्षा तालिम, जीवनउपयोगी सीपमुलक तालिम संचालन गरिनेछ ।
१६. किशोरकिशोरी तथा युवाहरुलाई लक्षित गरी गाउँपालिकाभित्र आत्माहत्या र साईबर अपराध विरुद्धको सचेतना कार्यक्रम मार्फत **आफुलाई मायाँ गरौं** अभियान संचालन गरिनेछ ।

**इ) दलित :**

१. नेपालको संविधानले लक्षित वर्गको मौलिक हकका रुपमा अगाडि ल्याईएको अधिकारहरुलाई स्थानीय सरकारको तहबाट पूर्णरुपमा कार्यान्वयन गर्ने वातावरण बनाईनेछ ।
२. दलित समुदायको वास्तविक तथ्यांक पहिचान गरी उनीहरुको जीवनस्तर उकास्ने, सीप दक्षता बढाउने तथा आर्थिक, सामाजिक आवस्थामा परिवर्तन ल्याउने कार्यक्रम संचालन गरिनेछ ।
३. जातिय छुवाछुत हटाउन सहयोग गर्ने किसिमका घुम्ती कविता, गजल वाचन तथा सडक नाटक जस्ता चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ। यस्ता काममा विभिन्न साहित्यिक संघसंस्थाहरु र सांस्कृतिक कलाकेन्द्रहरुलाई परिचालन गरिनेछ ।
४. दलित समुदायको समग्र विकास एवम् उनीहरुको व्यवसायिक तथा उद्यमशीलता विकासका लागि चेतनामूलक, सिपमूलक तालिम तथा व्यवसायिक अनुदानको व्यवस्था गरिनेछ ।
५. दलित समुदायका बालवालिकाहरुलाई कक्षा १२ सम्मको निशुल्क शिक्षा प्रदान गर्ने संघीय सरकारको नीतिलाई पूर्णरुपमा पालना गरिनेछ ।
६. दलित समुदायका विद्यार्थीहरुलाई निशुल्क प्राविधिक विद्यालयमा अध्ययन गर्ने व्यवस्था मिलाईनेछ ।

**ई) जेष्ठ नागरिक :**

१. प्रत्येक वडामा जेष्ठ नागरिक मिलन केन्द्र स्थापना गरिनेछ ।
२. **"जेष्ठ नागरिकसँग गाउँपालिका सरकार"** भन्ने नारालाई सार्थक बनाउन **"गाउँपालिका अध्यक्ष जेष्ठ नागरिक कोसेली कार्यक्रम"** संचालन गरिनेछ ।
३. जेष्ठ नागरिकहरुको गुनासो सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।

**उ) बालबालिका :**

१. गाउँपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गरेसँगै सो को निरन्तरता र दिगोपनाका लागि आवश्यक कर्मचारीको व्यवस्था गरी यस अघि तयार गरिएको वडा तहका ३ वर्षिय लगानी योजना तथा पालिका स्तरीय पञ्चवर्षिय रणनीतिक योजना अनुरुपका कार्यक्रमहरु संचालन गरिनेछ ।
२. घर, विद्यालय र समुदाय स्तरबाट नै बालमैत्री व्यवहारलाई लागु गर्ने नीति अवलम्वन गरिनेछ ।

३. बाल श्रम, बाल विबाह, बाल हिंसा जस्ता बाल अधिकार हनन सम्बन्धी घटनाहरुलाई पूर्णरुपमा निरुत्साहित गरिनेछ ।
४. बालबालिकाहरुको समग्र हितलाई ध्यानमा राख्दै बालबालिका सम्बन्धी संघसंस्थाहरुसँग समन्वय र सहकार्य गरी काम गरिनेछ ।
५. बालबालिकाहरुलाई राम्रा कुरा, काम र भविष्यप्रति जागृत गराउन विद्यालय स्तरमा सकारात्मक सोच सम्बन्धी तालिम आयोजना गरिनेछ ।
६. गाउँपालिका क्षेत्रमा निर्माणहुने हरेक भौतिक संरचनाहरु बालमैत्री बनाउने नीति लिईने छ साथै बालश्रम बिरुद्धको सचेतना कार्यक्रम संचालन गरिनेछ ।
७. बालविवाहको समस्यालाई मध्येनजर गरी गाउँपालिकाभित्र विवाह गर्नुपुर्व वडा कार्यालबाट पुर्वस्वीकृती लिनुपर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याईनेछ ।

**ऊ) जनजाति :**

१. मकवानपुरगढी गाउँपालिका करिब ६८ प्रतिशत जनजातिको बसोबास रहेको गाउँपालिका भएकोले उनीहरुको सामाजिक, सांस्कृतिक, भाषिक, र आर्थिक विकासको कार्यक्रम संचालन गरिनेछ ।
२. आदिवासी जनजातिहरुको शिक्षा, रोजगारी, आयआर्जनमा पहुँच अभिवृद्धिका लागि लक्षित गरी आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

**ए) अपाङ्गता :**

१. मकवानपुरगढी गाउँपालिका क्षेत्रमा निर्माण गरिने सार्वजनिक भवनहरुलाई अपाङ्गमैत्री बनाईनुका साथै अपाङ्गताको प्रकृति हेरी अपाङ्गता सहायता सामग्रीहरु उपलब्ध गराईनेछ ।
२. **अपाङ्गता भएका व्यक्तिलाई हेलाको दृष्टिले नहेरौं** भन्ने भावनालाई अभिवृद्धि गर्न गाउँपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरुलाई क्षमता अभिवृद्धि तालिम र सहायता सामग्री उपलब्ध गराईनेछ ।
३. अपाङ्गहरुको जीवनस्तर सुधार गर्ने कार्यलाई विभिन्न तालिम, सचेतना र अनुदानको कार्यक्रम संचालन गरिनेछ ।
४. शारिरीक अपाङ्गता भएका विद्यार्थीहरुलाई उच्च शिक्षासम्म निशुल्क पठनपाठनको व्यवस्था गरिनेछ ।

## ३. पूर्वाधार क्षेत्र :

**क) स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल : -**

१. मकवानपुरगढी गाउँपालिकाको सदरमुकामसम्म सबै वडाहरुबाट बाह्रै महिना सहज रुपमा सवारीसाधन सञ्चालन हुनेगरी  सडक स्तरीकरणलाई प्राथमिकता दिईनेछ ।
२. सहिद बासुदेव मार्गको निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
३. **“सहिद रुद्र पाखिन मार्ग”** लाई व्यवस्थित गर्न संघ र प्रदेश सरकारसँग बजेटको लागि आवश्यक पहल गरिनेछ ।
४. मकवानपुरगढी गाउँपालिकाका सबै वडाहरुबाट पालिका कार्यालयसम्म आवतजावत गर्ने सडकहरुलाई स्तरउन्नती गरी आ.व. २०८३/०८४ सम्ममा पक्की बनाईनेछ ।

५. सबै वडाको कार्यालयसम्म पुग्ने सडकलाई  पक्की बनाउँदै लगिनेछ। साथै सडकहरुको बर्गीकरण गरी प्राथमिकताको आधारमा ग्रवेलिङ तथा स्लाब गरिदै लगिनेछ।

६. वडा नं. ५ र ६ मा निर्माण भईरहेका साना/ठुला सडकहरुलाई जोड्ने र बस्तीबाटै ठुला ढुवानीका साधनहरु चल्दै गर्दा दुर्घटनाको सम्भावना बढ्ने एवम् स्थानीय बासिन्दालाई पर्ने असहजतालाई ध्यानमा राख्दै सामरी खोलाको दुबैतर्फ करिडोर सडक निर्माणको अवधारणा अघि बढाईनेछ।

७. हरेक वडाहरुले सडकहरुको बर्गीकरण गरी प्राथमिकताका साथ निर्माण गर्ने नीति अवलम्वन गरिनेछ।

८. मकवानपुरगढी ३ र ५ लाई जोड्ने धादिङ्ग-सामरी पुलको निर्माणको लागि प्रदेश र संघीय सरकार सँग पहल गरिनेछ।

९. गाउँपालिकाबाट माग भई स्वीकृत भएका झोलुङ्गे पुलको निर्माणमा तदारुकताका साथ लागिने छ र अन्य क्षेत्रमा माग भएका झोलुङ्गे पुलहरुको सम्भाव्यता अध्ययन गरी सम्बन्धित निकायहरु सँग समन्वय गरी निर्माण गरिनेछ।

१०. मकवानपुरगढी वडा नं ८ र भिमफेदी जोड्ने ईक्चुङ्ग-बुढीचौर सडक निर्माणलाई प्राथमिकताका साथ लगिने छ।

११. बुढिचौर-इपा सिस्नेरी ट्र्याक विस्तारका लागि आवश्यक पहल गरिनेछ।

१२. भिमफेदी सुपिङ हुँदै हात्तिसुँडे बुढीचौर जोड्ने सडक निर्माणका लागि अवश्यक पहल गरिनेछ।

१३. वडा नं. १ को एक्लेखेत-आँपटार-रानिसेरा र दोभानचौर-फुलबारी-डाँडागाउँ अधैंरी जोड्ने सडकलाई प्राथमिकताका साथ स्तरी उन्नती गरिनेछ।

१४. मकवानपुरगढी गाउँपालिका वडा नं. १ र २ जोड्ने सडकहरुको प्राथमिकताका साथ निर्माण गरिने।

१५. बरबोट सामरी सडक स्तरोन्नतीका लागि विशेष पहल गरिनेछ।

१६. ज्यामिरे-पेटिटोल, भञ्ज्याङ्ग-सिद्धार्थ सडकलाई स्तरउन्नती गरी पक्की बनाईनेछ। साथै मजुवा-फूलवारी-भञ्ज्याङ्ग सडकलाई स्तरउन्नती गरी पूर्ण बनाउन विशेष पहल गरिनेछ।

१७. सिमात खोला झोलुङ्गेपुल, सुकौरा झोलुङ्गेपुल तथा ज्यामिरे झोलुङ्गेपुल निर्माण कार्य अगाडि बढाईनेछ।

१८. मकवानपुरगढी गाँउपालिकाबाट अन्य स्थानीय तह, भिमफेदी, बकैया र  हेटौंडा उपमहानगरपालिका जोड्ने तथा द्रुर्त मार्ग र मुख्य राजमार्गमा जोड्ने सडकलाई लिङ्क रोडको रुपमा विकास गर्न  साझेदारी सडक निर्माणको मोडेलमा कार्य गर्ने नीति अवलम्वन गरिनेछ।

१९. वासुदेव मार्ग अन्तर्गत डुम्रेकुनादेखि बुढीचौर सम्मको मोटरवाटो निर्माणको लागि संघीय सरकारसंग पहल गरी बजेटको व्यवस्था गरिने छ।

२०. गैरिभञ्ज्याङ्ग-वासपानी-सुकौरा-बुढीचौर जाने सडक डिपिआर भैसकेकोले उक्त सडक निर्माणको लागि प्रदेश सरकार तथा संघीय सरकारसँग पहल गरी निर्माण कार्य सुरु गरिने छ।

२१. ऐतिहासिक स्थल मकवानपुरगढी दरवार सडकलाई यसै बर्ष पुर्ण रुपमा स्लाप ढलान गरी सडक निर्माण गर्ने र ढुङ्गेगढी जोने सडकलाई यसै बर्ष स्लाब ढलान गरी सडक निर्माण कार्य अगाडि बढाईनेछ।

२२. मकवानपुरगढी १ र २ नं. वडा जोड्ने गढीभन्ज्याङ्ग पिङडाँडा रानीसेरा सडकको स्तरउन्नती गरी पक्की बनाउने कार्य अगाडी बढाईनेछ।

२३. कान्तीलोकपथ रानीडाँडा आँपटार सडक निर्माणको लागि आवश्यक पहल गरिनेछ।

२४. धर्मचुली लामीडाँडा ग्रामिण कृषि सडकको डिपिआर तयार गरी सडक निर्माण कार्य अगाडि बढाईनेछ ।
२५. डुम्रेकुना-अदालत डाँडा-देउखुरी भञ्ज्याङ सडक विस्तारको लागि आवश्यक पहल गरिनेछ ।
२६. मनकामना-धादिङ्ग कृषि सडक जोड्ने बाटो स्तरोन्नती गर्न DPR तयार गरी प्रदेश तथा संघ सरकारसमक्ष पहल गरिनेछ ।
२७. मकवानपुरगढी वडा नं. ७ को लामाखोला कार्की डाँडा, जुरेथुम हात्तीआल हुँदै जितपुर भञ्ज्याङ्गसम्म जोड्ने मोटरबाटो स्तरउन्नतीको लागि विशेष पहल गरिनेछ ।
२८. तल्लो जिम्मर नरसिंह डाँडा जोड्न सडक खोल्ने कार्य गरिनेछ ।
२९. माथिल्लो जिम्मर नरसिंह जोड्ने सडक निर्माण तथा स्तरोन्नती गर्न पहल गरिनेछ ।
३०. मकवानपुरगढी सामुदायिक अस्पतालको भवन निर्माण सम्पन्न गर्न आवश्यक वजेटको व्यवस्था गर्ने ।
३१. कोल्डस्टोर भवन निर्माण कार्य सम्पन्न र सञ्चालनमा आवश्यक व्यवस्था गरिनेछ ।
३२. सवै वडाका महत्वपूर्ण भौतिक पूर्वाधारहरु निर्माणमा विशेष ध्यान दिईने छ ।
३३. मकवानपुरगढी ३ को मक्रानडाँडा-धमिले सडक खण्डको स्तरउन्नती गरिनेछ ।

**ख) सिंचाई :**

१. गाउँपालिका अन्तर्गत विभिन्न वडामा निर्माणाधिन अधुरा सिंचाईका योजनाहरुलाई पुरा गर्दै संचालन तर्फ जोड दिईने छ साथै नयाँ माग भई आएका सिंचाई योजनाहरुको सम्भाव्यता अध्ययन गरी सो को स्रोत सुनिश्चित गर्न विभिन्न निकायहरु सँग पहल गरिनेछ ।
२. कम्तीमा १० घरधुरीसम्मलाई लाभ दिन सक्ने साना सिंचाईको सम्भावना देखिएमा त्यस्ता योजनाहरुमा गाउँपालिका आफैंले “साना सिंचाई योजना” लागु गरिनेछ ।
३. साना तथा थोपा सिंचाईका योजनाहरु समुह तथा कृषि सहकारीहरु सँग समन्वय गरी लागत साझेदारीको अधारमा कार्यान्वयन गरिनेछ ।
४. सिंचाई आयोजना, कुलो, नहर, पाईप लाईन, डिप बोरिङ तथा प्लास्टीक पोखरी एवम् थोपा सिंचाई कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।
५. ठूला सिंचाई परियोजनाको सम्भाव्यता अध्ययन गरी खेतियोग्य जमिनको कृषि उत्पादनमा जोड दिईनेछ ।
६. सिँचाई आयोजनामा लागत सहभागीता (७०-३०) को नीति आवलम्वन गरी कार्यान्वयनमा लगिनेछ ।
७. कुर्ले सिचाई योजनालाई निर्माणको लागि आवश्यक डिपिआर तयार गरी निर्माणको लागि बजेटको व्यवस्थापन गरी कार्यान्वयन गरिनेछ ।
८. तल्लो कुर्लेदमार सिंचाई योजना सञ्चालन गर्न आवश्यक पहिचान गरी निर्माण योजना सञ्चालन गराईनेछ ।
९. खोलाखेत, धवाडी, माथिल्ला धवाडी, आँपखोला तथा मजुवा सिंचाई योजना निर्माण गर्न संघ र प्रदेशमा सरकारसँग बजेट माग गरिनेछ ।

**ग) भवन निर्माण तथा बस्ती विकास :**

१. गाउँपालिकाले दिगो विकासका पुर्वाधारहरु तयार गर्ने क्रममा गाउँ यातायात गुरुयोजना (RMTMP) तयार भई कार्यान्वयनमा आईसकेकोले सोही गुरुयोजनामा उल्लेखित सडक मापदण्डका आधारमा भवन निर्माण तथा नक्शा कार्यलाई व्यवस्थित गरिने छ ।
२. गाउँपालिकाको स्वीकृति लिएर मात्र जग्गा प्लटिङ्ग र वस्ति विकास कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।
३. गाउँपालिकाले उपयुक्त क्षेत्रको छनौट गरी बस्ती विकास कार्यलाई उच्च प्राथमिकता दिई आगामी आर्थिक वर्षबाट नै सम्भाव्यता अध्ययन गरी क्षेत्र छनौटको कार्य प्रारम्भ गरिनेछ ।
४. चालु आर्थिक वर्षबाट शुरु गरिएको खरको छानोमुक्त गाउँपालिका बनाउने अभियान आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ ।
५. विकासको पूर्वाधार पुऱ्याउन नसकिने, बसोबासको लागि योग्य बस्तीलाई संघ र प्रदेश सरकारका निकायसँग समन्वय गरी उपयुक्त जग्गाको खोजी गरी बस्ती स्थानान्तरण गर्ने नीति लिइनेछ ।
६. गाउँपालिकाको सुविधा सम्पन्न भवन निर्माण गर्न उपयुक्त जग्गाको खोजी गरी निर्माण कार्य थालनी गर्न पहल गरिनेछ । जग्गा प्राप्तीको लागि आवश्यक बजेट ब्यवस्थापन गर्नेछ ।
७. हाल निर्माणाधिन अवस्थामा रहेका वडा कार्यालय तथा स्वास्थ्य भवनको स्तरोन्नती तथा आवश्यक थप पूर्वाधार विकास गरी व्यवस्थित गरीनेछ ।
८. सवै वडा कार्यालयको भवन निर्माण तथा मर्मत सम्भारको कार्य गरिनेछ । वडा नं. १ र २ को भवन तल्ला थप निर्माण गरिनेछ ।
९. मकवानपुरगढी गाउँपालिका वडा न. ७ को वडा कार्यालय भवन निर्माणका लागि आवश्यक वजेटको ब्यवस्था गरिनेछ ।
१०. मकवानपुरगढी गाउँपालिकामा उत्पादित रैथाने उत्पादनको विक्रिवितरण तथा प्रवर्धनार्थ कोशेली घर निर्माणको लागि आवश्यक बजेट ब्यवस्थापन गरिनेछ ।
११. पालिकाभित्र रहेका प्रहरी कार्यालयहरुको भवन तथा भौतिक संरचनाहरुको अवस्था पहिचान गरी सो को व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्था गरी निर्माण प्रक्रिया अगाडि बढाईनेछ ।

**घ) विद्युतीकरण एवम् वैकल्पिक उर्जा :**

१. विद्युत नपुगेका वडा वा टोल बस्तीमा विद्युत पुऱ्याउन सम्वन्धित निकायहरुँग सहकार्य गरी लागत साझेदारीमा विद्युत विस्तारका आयोजनाहरु संचालन गरिनेछ ।
२. विद्युत विस्तार भएका तर भोल्टेज सुधार तथा लाइन स्तरीकरण गर्न अत्यावश्यक ठाउँको एकिन गरी सिमेन्टको पोल तथा ट्युवलर पोल परिवर्तन गर्न सम्वन्धित निकायसँग समन्वय गरी कार्य अगाडि वढाईनेछ ।
३. भौगोलिक विकटता साथै बैकैया गाउँपालिका क्षेत्र सम्म विद्युत विस्तार भएकोले सुकौरा रानीसेरा गढी दरवार क्षेत्र सेवा हुने गरी मकवानपुरगढी गाउँपालिका वडा नं. २ शिखरकटेरीमा फ्युज सेवा युनिट सहित थप कर्मचारी व्यवस्था गर्न विद्युत प्राधिकरण सँग समन्वय गरी कार्य अगाडि बढाईनेछ । अन्य निकायहरुबाट जनशक्ति उपलब्ध हुन नसक्ने अवस्थामा थप जनशक्तिको व्यवस्थापन गाउँपालिकाबाटै गरी विद्युत सेवालाई प्रभावकारी बनाइनेछ ।

**ङ) सूचना तथा संचार :**

१. गाउँपालिकामा आधुनिक प्रविधियुक्त अनलाईन सूचना डेक्स निर्माण गरी सुचना प्रवाह थप व्यवस्थित गरिनेछ ।

२. गाउँपालिकाको सबै क्षेत्रमा नेपाल टेलिकमको सहजै प्राप्त गर्न सकिने प्रविधि विस्तार गर्ने व्यवस्था मिलाइनेछ। गाउँपालिका क्षेत्रबाट टेलिकमको लाइनमार्फत सेवा प्रवाह गर्न सम्बन्धित निकायसँग समन्वय गरी कार्य अगाडि बढाइनेछ।
३. स्थानीय स्तरमा जनतालाई विभिन्न सुचना प्रदान गर्ने मनोरञ्जन संगै उपयोगी ज्ञान प्रदान गर्ने, सिपको प्रवाह, स्थानीय उत्पादन र व्यवसायलाई समेत सहयोग पुऱ्याउन मकवानपुरगढी एफ.एम रेडियो संचालनलाई जनमुखी बनाउने कार्यक्रम तथा रेडियो कार्यक्रमलाई प्रोत्साहन गरिनेछ साथै उक्त सञ्चार सूचना प्रचार प्रसारका लागि मकवानपुरगढी तथा अन्य एफ.एम वा अन्य संचार माध्याम मार्फत कार्यक्रम अगाडि बढाइनेछ।
४. गाउँपालिकामा संचालित रेडियो र पत्रपत्रिका मार्फत भएका काम र आवश्यकताका सम्पूर्ण गतिविधिहरु प्रचारप्रसार गर्न समन्वय र सहयोग पुऱ्याइने छ।
५. गाउँपालिका तथा वडा तहबाट सम्पादन हुने सार्वजनिक सेवा प्रवाहको सेवालाई नागरिक वडापत्र मार्फत सूचित गरिनेछ।
६. गाउँपालिका भित्र भएका सवै क्षेत्रका गतिविधीहरु भुगोलबाट नै रिपोर्टीङ र प्रचार प्रसार गरी थप प्रभावकारी र उपलब्धीमुलक बनाउन संचार क्षेत्रमा कार्यरत संस्थाहरु, रेडियो, T.V तथा स्थानीय पत्रकारहरु संग समन्वय गरी कार्यक्रम संचालन गरिने छ।
७. मकवानपुरगढी गाउँपालिकाका वडाहरुमा इन्टरनेट सेवालाई थप व्यवस्थित गरी सार्वजनिक सेवालाई प्रविधिमैत्री बनाई वडाबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाइनेछ।
८. राजश्व संकलन तथा प्रतिवेदनलाई थप प्रभावकारी बनाउन राजश्व सुधार योजना तयार गरी राजश्व संकलनलाई सफ्टवयरको माध्यमबाट प्रविधिमैत्री बनाइनेछ।
९. वडा कार्यालयमा सेवाग्राहीको पहुँच विस्तार गर्न सूचना प्रविधिमैत्री बनाइनेछ।
१०. आगामी आर्थिक वर्षबाट वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरुमा डिजिटल हाजिरीलाई अनिवार्य गरिनेछ। साथै स्वास्थ्य सेवाको प्रवाह तथा विद्यालको पठन पाठनलाई गाउँपालिकाको केन्द्रबाटनै अनुगमन गर्न सक्ने प्रविधिको विकासमा आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।
११. सम्भावित दुर्घटना हुने स्थानहरुमा र मुख्य बजार क्षेत्रमा सिसि क्यामराको व्यवस्थापन गर्दै लगिनेछ।

## ४. वातावरण तथा विपत् व्यवस्थापन

### क) वन तथा वातावरण :

१. वेत, बाँस, निगालो तथा अमृसो लगायतका वनस्पतीको प्रवर्धन तथा संरक्षणको लागि उपयुक्त नीति लिइनेछ। .
२. बर्षे पिच्छे बढ्दै गएको बाँदरको प्रकोपलाई न्युनीकरण गर्दै नियन्त्रण गर्न बाँदरले खाने प्रजातीका अन्न तथा फलफूलका विउ र बिरुवाहरु जंगलमा समेत लगाउन वन क्षेत्र आसपासका कृषक तथा वन उप उपभोक्ता समितिहरुलाई उत्प्रेरणा दिइनेछ साथै सो को दिर्घकालीन व्यवस्थापनका लागि उचित स्रोतको व्यवस्थापन गरिनेछ।
३. वन क्षेत्रमा लाग्ने डढेलोबाट हुने क्षती न्यूनीकरण गर्न वन क्षेत्र आसपासका वासिन्दा र वन समितिहरुलाई डढेलो नियन्त्रण सम्बन्धी चेतना, सीत तथा तालिमको व्यवस्था गरिनेछ।

४. लोपोन्मुख प्रजातिका चिउरी, काफल तथा ऐंसेलु लगायतका फलफूलको प्रवर्धका लागि नर्सरी स्थापना गर्न सम्बद्ध पक्षसँग सहकार्य गरिनेछ । साथै बनजन्य उत्पादन, जडिबुटी संरक्षण तथा औषधीजन्य बिरुवाहरुको वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।
५. वन, वातावरण तथा विपद् व्यवस्थापनका क्षेत्रमा विगतमा निर्धारण गरिएका लक्ष्य, उद्देश्य, नीति, निर्णय तथा कार्यक्रमहरुको व्यवस्थित कार्यान्वयनमा जोड दिईनेछ ।

**ख) बस्ती संरक्षण तथा विपद व्यवस्थापन :**

१. मकवानपुरगढी गाउँपालिका खानी, खनिजको भण्डार हो । खानी उत्खनन् गर्दा माथिल्लो खानी क्षेत्र र तल्लो तटिय क्षेत्र पूर्ण प्रभावित छ । यस क्षेत्र कच्चा भू बनोट भएको पनि क्षेत्र भएकोले प्रभावित क्षेत्रको तयार भएको विस्तृत परियोजना प्रतिवेदन D.P.R. मा विशेष गरी उद्योग, संघीय सरकार प्रदेश सरकारसँग समन्वय र बजेट व्यवस्था गरी दिगो संरक्षणको अवधारणाबाट कार्य अगाााडि बढाइनेछ ।
२. बाढी पहिरो, भूकम्प, आगजनी, सुक्खा, खडेरी, हुरी, असिना चट्यांक लगायतका प्राकृतिक प्रकोपबाट प्रभावितहरुलाई तत्काल उद्धार तथा राहत एवम् पुनर्स्थापनाको लागि विपद् व्यवस्थापन कोषको व्यवस्था गरिनेछ ।
३. माथिल्लो क्षेत्रमा जलाधार संरक्षण तथा वृक्षारोपणका अभियानहरु संचालन गरी बस्ती क्षेत्रमा हुने नोक्सानीलाई कम गर्दै लैजाने नीति लिइनेछ ।
४. उद्योगहरुसँग सहकार्य र समन्वय गरी समयमै संरक्षणका काम गर्ने गराउने वातावरण बनाइनेछ । सम्भावना रहेसम्म कम्तिमा ७० मिटरको चौडा हुने गरी दुई किनारमा सामरी कोरीडोर बाटोको दिगो संरचना निर्माण गर्ने नीति लिइने छ ।
५. यस गाउँपालिकाको मात्र नभई देशकै ऐतिहासिक धरोहरको रुपमा रहेको मकवानपुरगढी दरबार र यसकै काखमा निर्माण भएको कान्तिलोकपथमा रहेको पहिरोबाट निम्तिएको जोखिम नियन्त्रणका लागि पुरातत्व विभाग लगायत सरोकारवाला निकायहरु सँग सहकार्य र समन्वय गरिनेछ ।

**ग) भू-उपयोग तथा संरक्षण :**

१. गाउँपालिकाभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको तथ्यांक संकलन कार्य सम्पन्न भईसकेको सन्दर्भमा सम्बन्धित निकायहरुसँग समन्वय गरी जग्गाको नापी तथा लालपूर्जा बितरण कार्य अगाडि बढाईनेछ । सो का लागि आवश्यक पुर्वाधार तथा जनशक्तिको व्यवस्था गरिनेछ । भूमि व्यवस्था सम्बन्धी कार्यलाई व्यवस्थित गरिनेछ ।
२. मकवानपुरगढी गाउँपालिकामा जग्गा बाँझो राखी अन्यत्र बसोबास गरिरहेकाहरुका लागि **"गाउँ फर्कौ, जमिन जोतौं, उत्पादन बढाऔं"** कार्यक्रम लागु गरिनेछ । त्यसरी अन्यत्रबाट गाउँ फर्की तरकारी खेती, गाई पालन, बाखा पालन र अन्न उत्पादन गर्नेहरुका लागि प्रोत्साहन गरिनेछ ।
३. **"कसैले पनि जग्गा नराखौ खाली, सवैतिर बनाउँ हरियाली"** भन्ने नाराका साथ बाँझो जमिनको यथार्थ तथ्यांक संकलन गरी बाँझो जग्गा उपयोगमा ल्याउने नीति अबलम्बन गरिनेछ ।
४. बाँझो जमिनको उपयोग सम्वन्धी कार्यविधि अनुसार कृषिजन्य तथा पशुपालनको लागि उपयोगमा ल्याउने, कृषि र पशुपालनको सम्भावना कम भएका जग्गाहरुमा जडीवुटी, वनस्पतिजन्य एवम् काष्ठजन्य उत्पादनका लागि प्रोत्साहन गर्न भूमि बैंक सम्बन्धी अवधारको व्यस्थित कार्यान्वयन प्रक्रिया अगाडि बढाईनेछ ।

५. भू-उपयोग योजनाको प्रभावकारी कार्यान्वयन गरी उत्पादनशील तथा कृषि योग्य भूमिहरुमा जग्गा प्लटिङ तथा कुनै पनि उत्खनन्जन्य उद्योग तथा व्यक्तिगत उत्खनन्मा कडाईका साथ रोक लगाउने नीति अवलम्वन गरिनेछ ।
६. सामुदायिक प्रयोजन भन्दा वाहेक सार्वजनिक जग्गा प्रयोग वा अतिक्रमण गर्न नपाईने नीति कडाईका साथ लागु गरीनेछ ।

## ५. संस्थागत विकास, सेवा प्रवाह र सुशासन

**क) सामान्य सेवा :**

१. विकास निर्माणको कार्यका साथ साथै जनतालाई घरदैलोमा सार्वजनिक सेवा प्रवाहको लागि सबै वडा कार्यालयहरुको भौतिक पुर्वाधार विकासमा जोड दिइनेछ ।
२. सार्वजनिक सेवालाई छिटो छरितो, मितव्ययी, पारदर्शी र सूचना प्रविधिमैत्री बनाउनको लागि आवश्यक पुर्वाधार सहित पदाधिकारी तथा कर्मचारीको क्षमता विकासको लागि आवश्यक तालिम कार्यक्रम संचालन गरिनेछ ।
३. सूचनाको हक प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम संचालन र सूचना अधिकारीको क्षमता विकासको कार्यक्रम संचालन गरिनेछ ।
४. कार्यसम्पादन मुल्याकंनमा उत्कृष्ट कार्य गर्ने मध्यका कर्मचारी र जनप्रतिनिधिलाई प्रोत्साहन र मुल्याकंन गर्ने व्यवस्था गरिने छ ।
५. न्याय प्रणालीको प्रस्थान बिन्दु न्यायिक समिति स्वतन्त्र, निष्पक्ष, पहुँचयोग्य, सक्षम र विश्वसनीय बनाई मनाव अधिकार र मौलिक हकको सम्मान संरक्षण सम्वर्धन गर्दै न्यायिक समिति मार्फत छिटो, छरितो, निष्पक्ष, प्रभावकारी र उत्तरदायी न्याय व्यवस्था कायम गरी मेलमिलापको माध्यमबाट विवादको समाधान गरिनेछ ।
६. कानूनको अनविज्ञता क्षम्य हुदैन भन्ने फौजदारी न्यायको सिद्धान्तलाई अवलम्बन गर्दै गाउँ, टोल, विद्यालय एवम् वडा तहदेखि पालिका क्षेत्रका सबै सर्वसाधारणलाई कानूनी सचेतनता तथा अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ । मेलमिलापकर्तालाई आधारभूत तालिम तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
७. वडा तहमा मेलमिलाप केन्द्रको स्थापना गरी कार्यालय सञ्चालनको व्यवस्था गरिनेछ ।
८. टोल विकास संस्थालाई अझ व्यवस्थित गर्नका लागि कार्यविधि निर्माण गरी जनसंख्या र घरधुरीको आधारमा टोल विकासलाई व्यवस्थित गरिनेछ ।
९. गरिब, असहाय, आर्थिकरुपले कमजोर रहेका व्यक्ति एवम् परिवारलाई न्याय पहुँच सुनिश्चित गर्न निःशुल्क रुपमा बहस पैरवीका लागि सहजीकरण गरिनेछ ।
१०. विद्यालय तहका बालबालिकाहरुलाई लक्षित गरी कानूनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
११. न्यायिक समितिको पदाधिकारीहरुको अनुभव आदान-प्रदान गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।
१२. जनप्रतिनिधि तथा कर्मचारीहरुलाई स्थानीय सरकार सञ्चालन ऐनको काम, कर्तव्य र अधिकार सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
१३. कानूनी सचेतना र मेलमिलाप सम्बन्धी कार्यविधि एवम् काम, कर्तव्य र अधिकार सम्बन्धी रेडियो कार्यक्रम सञ्चालन गरिनेछ । जसमा बालविवाह सम्बन्धी कानूनी व्यवस्था, लागू औषध दूर्व्यसनी,

विद्युतीय अपराध, सामाजिक सञ्जालबाट हुने दुर्व्यवहार सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

**ख) सूचना प्रविधि**

१. गाउँपालिकाका सबैखाले सूचनाहरुलाई आमजनता सामु सहज तरिका मार्फत पुर्‍याउन वेभसाईट, फेसबुक पेज लगायतका अनलाईन पोर्टलहरुलाई अध्यावधिक गरिनेछ । साथै समुदाय स्तरमा सूचना प्रविधि सम्बन्धी साक्षरताका अभियान संचालन गरिनेछ ।
२. GIS प्रणालीमा आधारित गाउँपालिकाको डिजिटल प्रोफाईल निर्माण कार्यक्रमलाई अगाडि बढाईनेछ । सो का लागि प्रदेश तथा संघीय सरकारसँग समेत बजेट सहकार्यका लागि अनुरोध गरिनेछ ।
३. गाउँपालिका कार्यलय तथा वडा कार्यालयहरुमा सेवाग्राहीहरुलाई लक्षित गरी डिजिटल नागरिक वडापत्रको सुरुवात गरिनेछ ।
४. वडा तथा पालिका तहमा हुने सिफरिस तथा कागजपत्रको अभिलेखीकरण व्यवस्थापनका लागि सिफारिस प्रणाली, योजना व्यवस्थापन सफ्टवेयर तथा एकिकृत सेवा सफ्टवयरको प्रयोगको थालनी गरिनेछ ।
५. गाउँपालिका अन्तर्गतका कार्यालयहरुमा अनलाईन हाजिरी तथा डिजिटल सूचना पाटीको थालनी गरिएकोमा सो कार्यलाई थप व्यवस्थित गरिनछ ।
६. गाउँपालिकाको सभाहल निर्माणको चरणमा रहेकोले सो हललाई व्यवस्थित गरी डिजिटल प्रविधिमैत्री बनाईने छ ।
७. गाउँपालिकाका सबै वडाहरुमा बिजुली तथा इन्टरनेटमा देखिएको समस्यालाई मध्यनजर गरी दिगो एवम् व्यस्थित बिजुली तथा इन्टरनेट सेवाको व्यवस्था गरिने छ ।

**ग) पञ्जिकरण व्यवस्थापन**

१. अनलाइन घटना दर्ता प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाई वार्षिक रुपमा पालिकाको जनसाङ्ख्यिक विवरणलाई व्यवस्थित गरिनेछ ।
२. घटना दर्ताका पुराना अभिलेखहरुको सुरक्षा र खोज्ने वित्तिकै तुरुन्त भेट्याउनको लागि पुराना अभिलेख लाई सफ्टवेयर मार्फत व्यवस्थापन गरिनेछ ।
३. गाउँपालिकाबाट बितरण हुने सामाजिक सुरक्षा भत्तालाई आ.व. २०७९/८० देखि बैंकिङ प्रणाली मार्फत वितरणको सुरुवात गरिएकोमा बैंक सँग थप समन्वय गरी आ.व. २०८०/८१ देखि लाभग्राहीहरुलाई वडा तहबाटै सहज सेवा प्राप्तिको व्यवस्था मिलाईनेछ ।
४. जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद जस्ता घटनाहरुलाई निर्धारित समयमै वडा कार्यालयमा दर्ता गराउने प्रक्रियालाई प्रभावकारी बनाउन घटना दर्ता सम्बन्धी सचेतना तथा प्रोत्साहनका कार्यक्रमहरु संचालन गरिनेछ ।

**घ) सुशासन प्रवर्द्धन**

१. सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा योजनाहरुको सार्वजनिक परिक्षण गर्ने कार्यलाई व्यवस्थित गरिनुका साथै जहाँ योजना त्यहाँ सामाजिक परिक्षण नीतिलाई कडाईका साथ लागु गरी योजनामा जनताको अपनत्व वोध गराउन पहल गरिनेछ ।

२. आन्तरिक आय वृद्धिका लागि सम्भाव्य सवै राजश्वको क्षेत्रहरुको पहिचान गरी राजश्वका दर भन्दा दायरा वृद्धिलाई गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ। साथै राजस्व संकलनलाई अनिवार्य र सफ्टवयर मार्फत थप प्रभावकारी बनाइनेछ।
३. क्षमता विकास, सीप विकास तथा जनचेतनामूलक तालिम कार्यक्रमहरु संचालनको लागि लक्षित समूह, स्थानीय सामुदायिक संस्था, आमा समूह, सामुदायिक दर्ता भएका संस्थाहरु, सहकारी संस्थाहरु र स्थानीय अन्य सामाजिक संघ संस्था मार्फत संचालन गर्न प्राथमिकता दिइनेछ। यसरी कार्यक्रम संचालन गर्नु अघि उक्त संस्थाहरु अनिवार्य रुपमा गाउँपालिकामा सुचिकृत गर्नु पर्ने प्रावधानलाई कडाईका साथ लागू गरिनेछ।
४. पालिकाभित्र रहेका सबै टोल विकास संस्थाहरुलाई संगठित गरी पालिका स्तरीय टोल विकास संस्था संजाल गठन गरिनेछ।
५. हरेक वडामा गठित टोल विकास समुहहरुको क्षमता अभिबृद्धिका कार्यक्रमहरुलाई प्राथमिकता दिंदै उनीहरुको प्रभावकारी परिचालनमा जोड दिइनेछ। आयोजनाको दिगोपना तथा सुशासन प्रवर्द्धनमा टोल विकासको भुमिकालाई प्रभावकारी बनाइनेछ।
६. सामाजिक सुशासनमा समुदाय प्रहरी साझेदारी कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।
७. समाजमा सुशासन कायम गर्ने ध्ययले तयार गरी कार्यान्वयनमा ल्याईएको सामाजिक सुधार ऐनलाई सबै पक्षसँग समन्वय गरी कार्यान्वयनमा ल्याइने छ।

## ६. विविध क्षेत्र

१. गाउँपालिकाबाट संचालित तथा माथिल्ला निकायहरुबाट संचालन भएका योजना, दातृ संघ संस्थाबाट भएका कामको संयन्त्र बनाई प्रभावकारी अनुगमन गरिने छ।
२. गाउँपालिकामा कुनै पनि गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुले कार्यक्रम संचालन गर्दा, गाउँलिकाको पुर्व स्वीकृति अनिवार्य लिनुपर्ने नीतिलाई काडाईका साथ लागु गरिनेछ।
३. गाउँपालिकामा उद्योगहरुबाट खानी उत्खनन् भएको छ, क्रसर उद्योगहरु संचालित छन्, यी अवसरहरुलाई हामीले सकारात्मक रुपमा लिनुपर्ने हुन्छ। उद्योगहरु संचालन हुँदा उनीहरुले वातावरण प्रभाव मूल्याङ्कन (I.E.E.) लगायत सवै उत्खनन् विधीहरु अलवम्वन गर्नुपर्दछ। यी सबै विधि र प्रक्रिया पुरा नहुँदा संविधान मौलिकहकले सुनिश्चित गरेको, स्वच्छ वातावरणको हक, खाद्य सम्वन्धी हक, आवासको हक सम्बन्धी व्यवस्था आकर्षित भएको देखिन्छ। यसको व्यवस्थापनका लागि सम्वन्धित उद्योगहरुसँग क्षतिपूर्ति तथा सहायता लिई प्रभावित क्षेत्र र प्रभावित जनताको हकहित र संरक्षणमा उपभोग गर्ने एवम् प्रभावलाई न्युनीकरण गर्ने नीति लिईने छ।
४. राजनीतिक आन्दोलनमा सहभागी भई योगदान पुऱ्याएका द्वन्द्व पिडित परिवारहरुको स्वास्थ्य शिक्षा र जीविकोपार्जनमा सहयोग गरी सहजता बनाउने व्यवस्था मिलाइनेछ।
५. **"विपन्न परिवारसँग गाउँपालिका अध्यक्ष कार्यक्रम"** मार्फत गाउँपालिकाभित्र रहेका विपन्न परिवारको आर्थिक समस्याको सम्बोधनका लागि सहजीकरण गर्ने नीतिलाई निरन्तरण दिईने छ।

**आदरणीय सभाध्यक्ष महोदय तथा उपस्थित सभाका सदस्यज्यूहरु,**
अब म उपरोक्त नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आगामी आर्थिक वर्ष २०८०।०८१ को लागि प्रस्तावित आय तथा व्ययको अनुमानित विवरण पेश गर्ने अनुमती चाहन्छु।

**आयतर्फ**

संघीय सरकार वित्तिय समानिकरण अनुदान ९ करोड ७४ लाख, प्रदेश सरकार वित्तिय समानिकरण अनुदान रु. ८६ लाख गरी जम्मा वितिय समानिकरण अनुदान रु. १० करोड ६० लाख प्राप्त भएको छ ।

त्यसैगरी संघीय सरकार राजस्व बाँडफाँड मूल्य अभिवृद्धि कर ६ करोड २२ लाख बाँडफाँड भई प्राप्त हुने अन्तशुल्क राजश्व ३ करोड ६ हजार, खानी तथा खनिज सम्बन्धी रोयल्टी बाँडफाँडबाट १ करोड २५ लाख, घरजग्गा रजिष्ट्रेशन दस्तुर वापत १ करोड २७ लाख, बाँडफाँडबाट प्राप्त हुने सवारीसाधन कर १ करोड ७५ लाख, बाँडफाँड भई प्राप्त हुने बन रोयल्टी ५ लाख ७२ हजार, बाँडफाँड भई प्राप्त हुने जलश्रोत रोयल्टी १ लाख, ढुंगा, गिटि, बालुवा नदिजन्य पदार्थ (दहत्तर बहत्तर) राजस्व बाँडफाँडबाट प्राप्त हुने आय रु. ४ करोड ५० लाख सहित जम्मा राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम रु. १८ करोड ५ लाख ७८ हजार ३ सय अनुमान गरिएको छ ।

त्यसैगरी आन्तरिक आय अन्तर्गत भूमि कर/मालपोत, सम्पत्ती कर, घर बहाल कर, मनोरञ्जन कर, अन्य विक्रीबाट प्राप्त रकम, अन्य श्रोतबाट प्राप्त रोयल्टी, परीक्षा शुल्क, नक्सा पास दस्तुर, सिफारिस दस्तुर, नाता प्रमाणित दस्तुर, प्रशासनीक दण्ड जरिवाना, प्रदूषण शुल्क लगायतका शिर्षकहरुबाट रु. १ करोड संकलन हुने अनुमान गरिएको छ ।

संघीय सरकार शशर्त अनुदान (शिक्षा, स्वास्थ्य, कृषि, पशु, उर्जा, प्रधानमन्त्री रोजगार कार्यक्रम, लघुउद्यम कार्यक्रम, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण कार्यक्रम सहित) रु. २३ करोड ९ लाख, प्रदेश सरकार सशर्त चालु अनुदान रु २ करोड २२ लाख ७८ हजार अनुमान गरिएको छ । जस अन्तर्गत कुल सशर्त अनुदान रु. २५ करोड ३१ लाख ७८ हजार अनुमान गरिएको छ ।
त्यसैगरी संघीय सरकार समपुरक अनुदान रु. ८० लाख, प्रदेश सरकार समपुरक अनुदान २ करोड ५० लाख गरी जम्मा समपुरक अनुदान रु. ३ करोड ३० लाख हुने अनुमान गरिएको छ ।

संघीय विशेष अनुदान रु. २ करोड ७५ लाख र प्रदेश विशेष अनुदान रकम रु. १ करोड गरी जम्मा विशेष अनुदान रकम रु. ३ करोड ७५ लाख रकम प्राप्त हुने अनुमान छ ।

यसप्रकार यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को लागि जम्मा आयतर्फ ***६२ करोड २ लाख ५६ हजार हुने*** अनुमानित आय पेश गरेको छु ।

**व्ययतर्फ**

कुल बजेटको पुँजिगततर्फ ३२ करोड १९ लाख १२ हजार ८ सय ६४, अर्थात (५१ दशमलव ९ प्रतिशत) र चालु तर्फ २९ करोड ८३ लाख ४३ हजार १ सय ३६ अर्थात (४८ दशमलव १ प्रतिशत) गरी कुल व्यय रु. ६२ करोड २ लाख ५६ हजारको व्यय अनुमान पेश गरेको छु ।

**श्रद्धेय सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८०/०८१ का लागि अनुमान गरिएको व्यय अनुमानबाट नीति कार्यक्रम बमोजिम व्यय हुने विषय क्षेत्रगत विनियोजित गरेको व्यय अनुमान शाराशंमा प्रस्तुत गर्ने अनुमति चाहन्छु। कूल व्यय अनुमान मध्ये आगामी आर्थिक वर्षका लागि कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च अन्तरगत रु. ८ करोड रकम विनियोजन गरेको छु, जुन कूल व्यय अनुमानको १२ दशमलव ८९ प्रतिशत हुन आउँछ।

विषय क्षेत्रगत व्यय अनुमान देहाय बमोजिम विनियोजन गरेको छु।

- आर्थिक विकास क्षेत्र अर्न्तगत कूल व्यय अनुमानको रु. ३ करोड ४८ लाख विनियोजन गरेको छु जुन कूल व्यय अनुमानको ५ दशमलव ६१ प्रतिशत हुन आउँछ।
- पूर्वाधार विकास क्षेत्रमा कूल व्यय अनुमानको रु. २४ करोड ९६ लाख ५६ हजार विनियोजन गरेको छु। जुन कूल व्यय अनुमानको ४० दशमलव २५ प्रतिशत हुन आउँछ।
- संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्र अर्न्तगत रु. ४८ लाख रकम विनियोजन गरेको छु जुन कूल व्यय अनुमानको सुन्य दशमलव ७७ प्रतिशत हुन आउँछ।
- अर्कोतर्फ विषय क्षेत्रगत व्यय अन्तर्गत सामाजिक विकास क्षेत्रमा कुल व्यय अनुमानको ३९ दशमलव २५ प्रतिशत अर्थात रु २४ करोड ३५ लाख रकम विनियोजन गरेको छु।
- यसैगरी बन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र अन्तर्गत १ दशमलव २० प्रतिशत अर्थात रु. ७५ लाख रकम विनियोजन गरिएको छ।

**आदरणीय सभाध्यक्षज्यू तथा सभाका सदस्यज्यूहरु,**

प्रस्ताव भएको अनुमानित आय अनुसार विषयगत खर्च शिर्षकमा विनियोजन भएको बजेटलाई कार्यक्रमगत, आयोजनागत तथा वडागत रुपमा बाँडफाँड गरी यसपछिको सभाबाट क्रमशः दफावार छलफलपछि मात्र स्वीकृत गरिने व्यहोरा यस सम्मानित सभा समक्ष निवेदन गर्दछु।

**आदरणीय सभाध्यक्ष ज्यू,**

समग्र विश्व परिवेशले आर्थिक, सामाजिक, सांस्कृतिक एवम् प्रविधिको विकासका क्षेत्रमा फड्को मारिरहेको अवस्था एकातिर विद्यामान छ भने अर्कोतिर आर्थिक मन्दीको मार जकडिएको छ, जसको प्रभाव हाम्रो स्थानीय तहसम्म पनि टड्कारो रुपमा देखा परेको छ। विश्व तापमानमा देखिएको वृद्धिको प्रभावका कारण हामी कहिले विश्वव्यापी रोगहरुबाट प्रताडित हुन्छौं त कहिले तीब्र गर्मी बेहोछौं, हुरी बतास, असिना पानी र विभिन्न प्राकृतिक प्रकोपहरु खेप्न बाध्य हुन्छौं।

यी विविध समस्या र चुनौतीका सन्दर्भमा हामी र हाम्रो स्थानीयत तह पनि पिडित छ। यद्यपी हामी यी चुनौती र समस्याहरुको सामना गर्दै अगाडि बढ्ने जमर्को गरिरहेका छौं। विस्तारै उठ्दै गरेको जनजिवीका, बढ्दो महंगी अनि गरिवी एवम् अनेकौं प्रकोपहरुबाट आक्रान्त समुदायको जिवनस्तर टिकाउन र सुधार गर्नेतर्फ हामी विशेष चिन्तित छौं। चालु आ.व.मा हामीले व्यहोरेको असिना पानी अनि हुरी बतासको विध्वंस, तिब्र गर्मीका कारण बालबालिकाको पठनपाठन बन्द गर्नुपरेको बाध्यता, खडेरीले बालीनालीमा पुग्न गएको क्षति साथै पशुहरुमा देखिएको लम्पी स्किन लगायतका रोगहरुले दिएको प्रताडना आदिले हामीलाई धेरै कुरा सिकाएको छ, पूर्व तयारीका लागि झकझकाएको छ। जसको सम्बोधन हामीले नीति कार्यक्रम मार्फत गर्ने प्रयास गरेका छौं। यो सँगै गाउँपालिकाले प्रक्षेपण गरेको अपेक्षाकृत आन्तरिक आम्दानी प्राप्त नहुँदा हामीले प्राथमिकतामा राखेका कार्यक्रम तथा योजनाहरु समेत स्थगन गर्न बाध्य

भयौं । जनताहरुका असिमित आवश्यकताहरु अनि सिमित बजेट सिमाको बिचमा रहेर पनि यथासम्भव गुणस्तरिय र जनउत्तरदायी काम गर्ने प्रयास हामीले गऱ्यौं । हामी चालु आ.व. को सिकाई अनि विविध चुनौतीहरु खेप्नु पर्दाका अनुभवहरुले थप सुझबुझ र उत्साहका साथ आगामी आ.व. २०८०/८१ का कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने तयारीमा छौं । जसका लागि आन्तरिक स्रोतको व्यवस्थापनलाई थप मजबुत बनाउँदै स्थानीय जनसमुदायसँग सहकार्य एवम् प्रदेश सरकार, संघीय सरकार र अन्य सरोकारवाला निकायहरु सँग समेत योजना तथा स्रोत व्यवस्थापनका लागि निरन्तर पहल गर्नेछौं ।

हामीले अपेक्षा गरेका छौं की, प्रस्तुत बजेट कार्यान्वयनले यस स्थानीय तहको सवै वडाहरुको उच्च प्राथमिकतामा रहेका कार्यक्रमहरु तथा योजनाहरुको सम्बोधन हुनेछ, स्थानीय तहको विकासको आधारशिला खडा हुनेछ, र सवै वडाहरुमा स्थानीय सरकारको उपस्थिति अनुभूत हुने एवम् गाउँपालिकावासीको आर्थिक सामाजिक रुपमान्तरणमा वढोत्तरी हुनेछ । साथै यस बजेटले लोक कल्याणकारी राज्य व्यवस्थालाई प्रवर्द्धन गर्न, संघीय तथा प्रदेश सरकारले लिएको आर्थिक वृद्धि, समृद्धि र शुसासनको लक्ष्य प्राप्त गर्न समेत थप टेवा पुग्नेछ ।

अन्त्यमा, यो बजेट तर्जुमाका सिलसिलामा मार्गदर्शन गर्नुहुने कार्यपालिका सदस्यज्यूहरु, वडा सदस्यज्यूहरु, गाउँपालिकाका राष्ट्रसेवक कर्मचारीहरु, विभिन्न राजनैतिक दल, निजी क्षेत्र, नागरिक समाज, पत्रकार जगत लगायत यस गाउँपालिकाको समृद्धिको लागि चासो र सरोकार राख्ने सवैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै यो बजेटले निर्दिष्ट गरेका नीति, योजना र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।

## धन्यवाद ।